डढेलोबाट बचौं र बचाऔं
- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जङ्गलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,
सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com

जनहितमा जारी सन्देश
- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ वैशाख २४ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 06 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २४३

## पोखरिया नपामा दर्ताविना छवटा संस्थागत विद्यालय सञ्चालन


सरस्वती इङ्गलिश बोर्डिङ । तस्वीरः प्रतीक

धर्मेन्द्र चौरसिया, पोखरिया, २३ वैशाख/
दर्ताविना पोखरिया नगरपालिकामा छवटा र कालिकामाई गाउँपालिकामा एउटा संस्थागत विद्यालय सञ्चालनमा छन् ।

पोखरिया नपा शिक्षा शाखाले १० वटा संस्थागत विद्यालय दर्ता रहेको जनाएको छ ।

पोखरियामा अहिले १६ वटा संस्थागत विद्यालय सञ्चालनमा रहेको पाइएको र त्यसमध्ये छवटा विद्यालय अहिलेसम्म दर्ता नभएको शिक्षा शाखाले जानकारी गराएको छ ।

पोखरियामा दर्ताविना शिशु मेमोरियल, बाल उद्यान, सरस्वती इङ्गलिश बोर्डिङ, न्यू वाटिका, विराट लक्ष्मी, सोफिया पब्लिक स्कूल गरी छवटा संस्थागत विद्यालय सञ्चालनमा छन् । यी विद्यालयहरूले दर्ता रहेको विद्यालयको प्रमाणपत्र विद्यार्थीहरूलाई उपलब्ध गराउने गरेको बुझिएको छ ।

विनादर्ता सञ्चालनमा रहेका नौवटा विद्यालयमा कक्षा छसम्म अध्यापन हुन्छ र त्यहाँ अध्ययनरत विद्यार्थीहरूलाई विद्यार्थी भर्ना अभियान अन्तर्गत सामुदायिक विद्यालयमा भर्ना गराइन्छ । दर्ताविनाका संस्थागत विद्यालयहरूले स्थानान्तरणपत्र र चारित्रिक प्रमाणपत्र दिन नमिल्ने हुँदा यो युक्ति अपनाएका हुन् । विद्यालय भर्ना अभियानमा कक्षा छसम्म विद्यार्थीलाई भर्ना गराउँदा स्थानान्तरणपत्र र चारित्रिक प्रमाणपत्र आवश्यक हुँदैन ।

पोखरिया नगरपालिकाबाहेकका पालिकाहरूमा पनि दर्ताविनाका संस्थागत विद्यालयहरूले यही युक्ति अपनाउँदै आएका छन् । कालिकामाईमा जय गुरुदेव एकेडेमी दर्ताविना सञ्चालनमा रहेको छ ।

## भवन भत्काउँदा लापरवाही, नयाँ भवनको निर्माण रोकियो


तस्वीरः प्रतीक

प्रस, पोखरिया, २३ वैशाख/
पकाहामैनपुर गाउँपालिका–३ पकाहास्थित रामचरित्र भगत माविमा आठ कोठे नयाँ भवन निर्माण कार्य पाँच दिनको लागि रोकिएको छ ।

दुई करोड २७ लाखको लागतमा आठ कोठे भवन निर्माणको ठेक्का भएर भवन निर्माण कार्य शुरू भएपनि अहिले पुरानो भवन भत्काउने क्रममा लापरवाही देखिएको भन्दै गाउँपालिका अध्यक्ष सुरेश मेहताले पाँच दिनका लागि निर्माण कार्य रोकेका छन् ।

रामचरित्र भगत माविको पुरानो भवन १० कोठाको थियो । सो भवन भत्काउने क्रममा जेसिबी प्रयोग भएको र पुरानो संरचनाका ईँट, काठका ढोका, झ्याल जोगाउने प्रयास नगरिएको देखिएपछि तत्कालीन गाविस अध्यक्ष विजय चौरसियाले विरोध गरेका थिए ।

उनले पुरानो भवन भत्काउँदा विद्यालयलाई पाँच–दश लाख रुपैयाँ आम्दानी हुन सक्ने अवस्था रहे पनि जेसिबी लगाएर भत्काएपछि पुरानो भौतिक संरचनाबाट विद्यालयलाई एक पैसा पनि आम्दानी नहुने भन्दै उनले विरोध गरेका थिए ।

उनको विरोधपछि गापा अध्यक्ष मेहताले यससम्बन्धी छानबीनको लागि पाँच दिनको समयसीमा लिएर तत्काल नयाँ भवन निर्माण कार्य रोकेका हुन् । अध्यक्ष मेहताले आफूलाई पनि यसबारे जानकारी नभएको र घटनाको वस्तुस्थिति बुझेर पाँच दिनभित्र समस्या समाधान गर्ने आश्वासन दिए । हिजो शनिवारदेखि गापा अध्यक्षले निर्माण कार्य रोकेका हुन् ।

## पर्सा-बाराका स्टील उद्योगहरूको अनुगमन




नरेश यादव, पर्सागढी, २३ वैशाख/
उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समिति अन्तर्गतको स्पन्ज आइरन, बिलेटको भन्सार महसूल, अन्तःशुल्क तथा उद्योगहरूको अध्ययन–अनुसन्धान उपसमितिले आइतवार पर्सा र बाराका चारवटा स्टील कारखानाको स्थलगत अनुगमन गरेको छ ।

उपसमितिकी संयोजक सांसद रेखा यादव, सदस्यहरू सांसद गणेश पराजुली, सांसद लक्ष्मी महतो कोइरी र सांसद सूर्यमान तामाङसहितको टोलीले पर्सा र बारामा रहेका जगदम्बा, साखः, हामा र अशोक स्टीलको स्थलगत अनुगमन गरेको थियो ।

ती उद्योगहरूमध्ये दुईवटा उद्योग जगदम्बा र अशोकले स्पन्ज आइरन तथा साखः र हामाले बिलेट आयात गरेर छड निर्माण गर्छन् ।

जगदम्बाले मासिक १५ हजार मेट्रिक टन र अशोकले अढाई हजार मेटन स्पन्ज आइरन भारतबाट आयात गर्छन् । साखः अहिले बन्द छ भने हामाले बिलेटबाट छड उत्पादन गर्दा लागत मूल्य बढी भएर एक सिफ्ट सञ्चालन गर्छ । कच्चा पदार्थमा अन्तःशुल्क लगाउने नलगाउनेबारेमा सरोकारवाला उद्योगहरूसँग टोलीले छलफल गरेको थियो ।

उद्योगपतिहरूले अन्तःशुल्क लगाउँदा अहिलेको स्थितिमा उद्योग आर्थिकरूपमा समस्याग्रस्त हुने सुझाव दिएका थिए । उनीहरूले अहिले विभिन्न कारणले उद्योगहरू सञ्चालनमा समस्या भइरहेको र विद्युत्समेतको समस्याले गर्दा तीन सिफ्टमा सञ्चालन हुने उद्योगहरू एक सिफ्टमा सञ्चालन भइरहेको र मजदूर तथा कर्मचारीहरूलाई मासिक तलब दिन पनि समस्या भइरहेको बताएका थिए । अहिलेको अवस्थामा उद्योगहरूलाई थप आर्थिक भार सह्य हुन नसक्ने भन्दै उनीहरूले अन्तःशुल्क नलगाउन सुझाएका थिए ।

टोलीले आज पर्सा र बाराको तथा भोलि भैरहवामा रहेका स्टील कारखानाहरूको स्थलगत निरीक्षण गर्ने जनाएको छ ।

अनुगमनमा बाराका प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरे, नेपाल गुणस्तर तथा नापतौल विभागका रमेश सुतिहार, श्रम तथा रोजगार कार्यालय, पर्साका ओमप्रकाश साह, वन तथा वातावरण मन्त्रालयका मेकानिकल इन्जिनीयर विजय अधिकारी, उद्योग वाणिज्य सङ्घ, जीतपुरसिमराका अध्यक्ष मोहन शर्मा लामिछाने, घरेलु तथा साना उद्योग कार्यालय पर्साका धनञ्जय सिंह, बाराका प्रहरी उपरीक्षक महेन्द्र खड्का, जीतपुरसिमरा उपमहानगरका प्रमुख राजन पौडेललगायतको सहभागिता थियो ।

## आगलागीपीडितलाई सांसद श्रेष्ठद्वारा राहत उपलब्ध


सांसद श्रेष्ठले उपलब्ध गराएको राहत सामग्री आगलागीपीडितलाई वितरण गर्दै । तस्वीरः जीतलाल श्रेष्ठ

प्रस, निजगढ, २३ वैशाख/
बारा क्षेत्र नं ४ का प्रतिनिधिसभा सदस्य एवं पूर्व श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले आगलागीपीडितहरूलाई आवश्यक राहत सामग्री उपलब्ध गराएका छन् ।

उनी अस्वस्थ भएका कारण उपस्थित हुन नसके पनि आगलागीपीडित चार घरपरिवारलाई खाद्यान्यलगायत अन्य सामग्री उपलब्ध गराएका छन् ।

बारा क्षेत्र नं ४ अन्तर्गतको फेटा गाउँपालिका वडा नं १ चिलझपटी टोलमा बिहीवार चारवटा घर जलेर नष्ट भएको थियो । आगलागीपीडितहरू मेवालाल ठाकुर, श्रीलाल राउत, सुदर्शन ठाकुर र बुधिया देवीलाई राहत सामग्री उपलब्ध गराइएको थियो ।

आगलागीपीडितहरूलाई राहत उपलब्ध गराउन अङ्कुश श्रेष्ठ, स्वकीय सचिव विकास साह, संविधानसभा सदस्यजयप्रकाश यादव, वीरेन्द्रप्रसाद साहलगायत सहभागी थिए ।

## श्रीसियावासीद्वारा सडक अवरुद्ध गरी विरोध


तस्वीरः प्रतीक

प्रस, रौतहट, २३ वैशाख/
रौतहट क्षेत्र नं १ 'ख'का मधेस प्रदेश सदस्य नागेन्द्र साहको विरुद्धमा आइतवार श्रीसियावासीले सडक अवरुद्ध गरी विरोध जनाएका छन् ।

प्रदेश सदस्य साहले सकार गरेको ठेक्कामा गौर–समनपुर सडक विस्तार तथा निर्माण कार्य भइरहँदा सडकको धूलोले घरआँगनमा बस्न सक्ने अवस्था नभएकोले निर्माण कार्य हुन्जेलसम्म सडकमा पानी हाल्न माग गर्दै स्थानीयवासीले सडक अवरुद्ध गरी विरोध जनाएका हुन् ।

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**निराशावादीले आँधीलाई सराप्छ, आशावादीले परिवर्तन आउने विश्वास राख्छ र यथार्थवादी त्यसमा नाउ खियाउने उपक्रम गर्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | राजाप्रसाद कुर्मी (आरके) |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# प्रेस स्वतन्त्रता

**भर्खरै विश्व प्रेस स्वतन्त्रता दिवस मनाइयो । यस दिनको सम्झना प्रेसलाई अविवादित किसिमले स्वतन्त्रता प्रदान गर्ने दिवस भनेर मनाउन थालिएको हो । प्रेसमाथि चौतर्फी प्रहार जहिले पनि, जुनसुकै राजनीतिक व्यवस्थामा पनि हुने गरेको छ । हुनत लोकतन्त्रलाई प्रेसमैत्री भनिन्छ, तर यहाँ पनि प्रेसमाथि प्रहार भइरहेको हुन्छ, भौतिक नभए तापनि मानसिक र आर्थिक । स्वतन्त्रता भनेको देशको नियम कानूनको परिधिमा रहेर आफूखुशी गर्न पाउने अधिकार हो । तर प्रेसले कानूनी परिधिभित्र मात्र रहेर पुग्दो रहेन छ, उसले सामाजिक, धार्मिक, नैतिक विभिन्न किसिमका तगाराहरूको सामना गर्नुपर्छ । सामाजिक, धार्मिक, नैतिकलगायत विषयको अनुपालनाको कुनै लेख्य आधार हुँदैन । प्रेसले आफ्नो विवेक प्रयोग गर्नुपर्छ । तर स्थूलरूपमा प्रेस स्वतन्त्रता भनेको प्रेसले नियम–कानूनको परिधिभित्र रहेर स्वतन्त्ररूपले समाचार सम्प्रेषण गर्न पाउने अधिकार नै हो । र प्रेसको अजातशत्रु भनेको राज्य, असामाजिक तत्त्व तथा आतङ्ककारी हुन् । आजसम्म यी तीनबाट कति पत्रकार मारिए, कति भौतिक क्षतिका हकदार बने, कति गुम्सिएर थन्किए कुनै लेखाजोखा छैन ।**

**प्रेसको आवश्यक वा अभिन्न अङ्ग भनेको भौतिक उपकरण, पत्रकार, एउटा प्रणाली र त्यस अन्तर्गत जीवनयापन हुन सक्ने व्यावसायिकता हो । नेपालमा विभिन्न राजनीतिक फेरबदलको चरणमा नेपाली प्रेसले निकै तीता अनुभवहरू सँगालेको छ । बीचको केही समय अनुकूल नदेखिएको होइन, तर पञ्चायत व्यवस्थाको त्रास, प्रजातान्त्रिक बेलाको अराजकता, आतङ्कवादको अवस्था, पुनः आतङ्कवादको छाया पार गरेर आज व्यावसायिक र मर्यादित पत्रकारिताको जग कायम भएको अनुभूति हुन नपाउँदै राज्यको विवेकहीन नीति, न्यूनतम पारिश्रमिक, विज्ञापन, बिक्री वितरण, पत्रकारिता क्षेत्रमा राजनीतिक भगिनी सङ्गठनहरू धक्कमपेलद्वारा सिर्जित सेतो आतङ्कलाई कुन अर्थमा स्वतन्त्र भन्ने ? यसै अहिले देशमा जानेर वा नजानेर लामो समयदेखि आर्थिक मन्दी चलिरहेको छ, कलकारखाना बन्द छन्, उद्योग–व्यवसाय धराशयी बनिरहेका छन् र उपरीमाथि थुपरी लोकतान्त्रिक सरकारको अनुदार नीति । यस्तोमा प्रेस कसरी स्वतन्त्र हुन सक्छ ? तर सम्बन्धित निकाय केही थान प्रशंसापत्र, सम्मानपत्र वितरण गरेर आफूलाई प्रेसको गडफादर ठानिरहेको छ ।**

**स्वतन्त्रता अनुकूलतामा फस्टाउँछ, विषमता र प्रतिकूलता यसका बैरी हुन् । तर नेपाली पत्रकारिताको परिवेश अहिले नितान्त विषम र प्रतिकूल पारिएको छ । नेपालमा सरकारीबाहेक सबै मिडिया कुनै न कुनै समस्याले ग्रस्त छन् । सबैको अनुहारमा मलीनता र भौतिक दुर्बलताबाहेक केही देखिँदैन । पञ्चायतकालमा पत्रकारिता व्यवसाय थिएन, तर त्यस बेला सन्तुष्टि थियो । राज्यको कोपभाजन बन्दा जनताको प्रियभाजन बनेको थियो, प्रेस । भौतिक सुविधाहरूको नितान्त अभाव झेल्दै लिखुरे पत्रकारहरूको एउटा सामाजिक छवि थियो । आज भने विपरीत अवस्था छ । भौतिक संसाधन सबैसँग पर्याप्त नभए पनि कामचलाउ छ । तर आजको सामाजिक, आर्थिक वा राजनीतिक प्रवाहलाई गलत मार्गमा जानबाट रोक्न चाहिने नैतिक बल प्रेससँग अभाव हुँदै गएको देखिएको छ । आजको स्वतन्त्रता, आर्थिक स्वतन्त्रतासँग गाँसिएको छ; यसको अभावमा कोही स्वतन्त्र बन्न सक्दैन, उद्योग होस्, व्यवसाय होस् वा मिडिया नै किन नहोस् । यसको निराकरणको खोजी आजको बहस बन्नुपर्दछ ।**

# सम्मानको शिक्षा–भावी पीढीलाई मार्गदर्शन


शिक्षा नेपाल



अनन्तकुमार लाल दास

anantlaldas@gmail.com


**यहाँ के स्मरणीय छ भने हामीलाई आफ्नो कुलबाट नाम प्राप्त हुन्छ तर त्यसलाई सधैं कायम राख्न हाम्रो चरित्रले काम लाग्छ । र चरित्र उजिल्याउन आज समाजमा नैतिकतालाई पुनः परिभाषित गर्ने आवश्यकता छ । यही हो सम्मानको शिक्षा र भावी पीढीलाई मार्गदर्शन ।**

एकपटक इलाजको लागि पटना जाँदा त्यहाँको चिडियाखाना हेर्न गएको थिएँ । टिकट काउन्टरको छेउमा एउटा बोर्ड झुन्डिएको थियो, जसमा लेखिएको थियो–"पाँच वर्षमुनिका केटाकेटीहरूको लागि प्रवेश निश्शुल्क ।" म टिकट काउन्टरमा टिकट लिइरहेको बेला एकजना व्यक्ति आफ्ना दुई भाइ छोरासहित चिडियाखाना घुम्न आएका थिए । उनी छोरालाई सिकाइरहेका थिए टिकट काट्नेले यदि तिम्रो उमेर सोध्यो भने उसलाई पाँच वर्ष पुग्न चार महीना बाँकी छ भन्नु । यो सुनेर मलाई अचम्म लाग्यो दश रुपियाँ जोगाउनका लागि हामी आफ्ना सन्तानलाई झूटो बोल्न सिकाउँछौं । त्यसै बेला एकजना अर्का मानिस पनि टिकट काउन्टरमा पुगेर दुईवटा टिकट माग्छन् । टिकट काउन्टरले उनको छोरोको उमेर सोध्छ, तिम्रो उमेर कति छ ? उसका बुवाले जवाफ दिन्छन् ६ वर्ष । कैशियरलाई यो सुनेर आश्चर्य लाग्छ र भन्छ यदि तपाईंले पाँच वर्षभन्दा कम भनेको भए पनि म पत्याउँथे । ती व्यक्तिले जवाफ फर्काए–"तिमी त पत्याउँथ्यौं तर मेरो छोरोले त म झूटो बोलेको बुझ्थ्यो ।" तपाई कल्पना गर्नुहोस् ती दुवै मानिसमध्ये कसको छोरो ठूलो भएपछि राम्रो मानिस बन्ला ?

आजको युवा पीढी भोलिको नेता हो । भावी नेता, डाक्टर, व्यापारी, जज, शिक्षक आजको विद्यालय र क्याम्पसमा तयार भइरहेका छन् । कुनै पनि देशको भविष्य यी युवकहरूको ज्ञान, चरित्र, गुण र सीपमाथि निर्भर गर्दछ । एउटा राष्ट्र तब मात्र सम्मानित बन्छ यदि त्यस देशको युवा पीढीको चरित्र उच्च हुन्छ । भनिन्छ चरित्र निर्माणको पहिलो सबक नर्सरी कक्षादेखि नै शुरू हुन्छ । शोधले त के देखाएको छ भने जन्मिनुभन्दा पूर्व नै यो ज्ञान उनीहरू भित्र समावेश भएको हुन्छ, किनभने दृष्टिकोण र सिद्धान्त आनुवंशिक हुन्छ अर्थात् एक पीढीबाट अर्को पीढीमा हस्तान्तरण हुन्छ । एकपटक एकजना बुजुर्ग आँपको बिरुवा रोपिरहेका थिए । त्यस बाटोबाट हिंड्ने एकजनाले उनीसँग सोध्यो–"यस उमेरमा रोपेको आँपको फल के तपाई खान सक्नुहुन्छ ?" बुजुर्गले जवाफ फर्काए "जुन रूखले मलाई छाया र फलफूल दिएको छ के त्यो बोट मैले रोपेको थिएँ ? मपछि आउने पुस्ताका लागि छ, म यो रूख रापिरहेको छु ।" के हामी भावी पुस्ताको रक्षक होइनौं र ? एउटा राष्ट्रको जिम्मेवारी आफ्नो धरोहरलाई दिग्भ्रमित हुनबाट जोगाउनु होइन र ?

कलिलो उमेरमा बसेको बानी प्रायः स्थायी हुन्छ । आजको युवामा भएको आत्मविश्वासको कमी यसैको परिणति हो । युवाहरूमा व्याप्त निराशा समाजमा फैलिएको कुरीति, नैतिक पतन र शिष्टताको कमीको द्योतक हो । हामी यदि युवाहरूको भविष्य निर्माण गर्न सक्दैनौं भने कम से कम भविष्यका लागि उनीहरूलाई तयार त गर्न सक्छौं । यसका लागि आमाबुवा, शिक्षक र समाजका अगुवाहरूलाई एकजुट हुनु आवश्यक छ । केटाकेटीहरूको लागि राम्रो शिक्षा आवश्यक छ तर त्योभन्दा पनि महत्त्वपूर्ण आमाबुवाले दिने नैतिक मूल्यको शिक्षा हो जुन व्यावहारिक जीवनको सफलताको लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ ।

सबै आमाबुवाले आफ्ना सन्तानलाई माया गर्छन् । उनीहरूलाई स्वतन्त्रता प्रदान गर्छन् तर उनीहरूको हरेक आकाङ्क्षा स्वीकार गर्नु र आफ्नो जिम्मेवारी पूरा भएको ठान्नु उचित होइन । जुन आमाबुवाले आफ्नो सन्तानको अनुचित इच्छालाई 'नाइँ' भन्दैनन् उनीहरूको सन्तानले पछि उनीहरूकै टाउको खान्छन् । आमाबुवा स्वयं आदर्श पात्र बनेर आफ्नो सन्तानका राम्रो सुरक्षा कवच प्रदान गर्न सक्छन् । पारिवारिक नैतिक पतनले सन्तानलाई विनाशतर्फ धकेल्छ । अनुशासनले सन्तानको आत्मालाई टुक्रा पार्दैन तर यदि सन्तानमा अनुशासनको कमी छ भने त्यसले आमाबुवाको हृदयलाई अवश्य नै टुक्राटुक्रा गर्छ । यस कारण आमाबुवाको पहिलो कर्तव्य आफ्नो सन्तानलाई अनुशासनको पाठ सिकाउनु र जुन समाजमा उनीहरू बस्छन् त्यसको सदस्य बनाउनु हो ।

शिक्षा दुई प्रकारको हुन्छ । पहिलो प्रकारको शिक्षा त्यो हो, जसले हामीलाई जीवनयापन गर्न सहयोग गर्छ र दोस्रो त्यो, जसले हाम्रो जीवन निर्माण गर्छ । कुनै पनि प्रकारको शिक्षा चरित्र निर्माणमा गएर समाप्त हुन्छ र यसले भावी जागरुक नागरिक तयार गर्छ । पढ्नुपर्छ भन्ने कुरा त्यति महत्त्वपूर्ण होइन, जति के पढ्नुपर्छ भन्ने कुरा हो । शिक्षा समाजको आत्मा हो । शिक्षाले हामीलाई नियम र अपवाद सम्बन्धमा ज्ञान प्रदान गर्छ जसले हाम्रो सोच परिमार्जित हुन्छ । शिक्षाले नै मानिस–मानिसबीच अन्तर स्पष्ट हुन्छ । शिक्षाले मानिसमा आफ्नो अधिकार र जिम्मेदारीप्रति भावना विकसित गर्छ । शिक्षाको कारणले नै नेतृत्व गर्न सजिलो हुन्छ । शिक्षितलाई बेवकूफ बनाउन सकिन्न, गुलाम बनाउन त झन् कठिन हुन्छ ।

शिक्षाको पहिलो उद्देश्य चरित्र निर्माण हो भने आनन्दमय र आरामदायक जीवन व्यतीत गर्ने तरीका सिकाउनु पनि हो । यी लक्ष्य त्यसबेला मात्र हासिल गर्न सकिन्छ जब हामी शिक्षाप्रति वचनबद्ध र प्रतिबद्ध हुन्छौं । कुनै पनि राष्ट्रको निर्माण विचारले मात्र सम्भव हुन्छ । यदि 'शिक्षा' कसैलाई महँगो लाग्छ भने त्यसका लागि के उचित हुन्छ भने अज्ञानता प्राप्त गर्ने कोशिश नगरोस् ।

टेक्सास वेसलियान युनिवर्सिटीका प्रोफेसर अर्थर वार्ड भन्छन्–एउटा पढेलेखेको मानिस खुला दिमागले प्रत्येक कुरामाथि सोचविचार गरेर आफ्नो धारणा प्रस्तुत गर्छ । सम्मान र साहसपूर्वक जीवनयापन गर्छ, माया र स्नेहले कसैको गल्तीलाई क्षमा गर्छ । ऊ आफ्नो सहुलियतभन्दा बढी महत्त्व आफ्नो जिम्मेवारीलाई दिन्छ । ऊ निरन्तर अझ सिक्ने प्रयास गर्छ । उसले धनभन्दा बढी महत्त्व विचारलाई दिन्छ । उसलाई थाहा हुन्छ, सुन्दरताको सार इमानदारी र चरित्र हो । ऊभित्र धन्यवादको भण्डार हुन्छ । ऊ नयाँ चुनौती, विभिन्न संस्कृति, असाधारण रीतिरिवाज र विरोधात्मक विचारको स्वागत र सम्मान गर्छ । पढेलेखेको मानिस त्यो हो, जसको हृदयमा अझ ज्ञान हासिल गर्ने लालसा होस् । उसले आफ्नो सम्पूर्ण ध्यान स्व, समाज र राष्ट्रको उन्नतिको सम्भावना र उम्मेदले लगाएको हुन्छ ।

आजभोलि अधिकांश आमाबुवा र अध्यापक यस कारण युवा पीढीलाई धेरै प्रेरित गर्दैनन् किनभने उनीहरू स्वयं गलत तरीकाले हिंडि र सोचिरहेका हुन्छन् । उनीहरू स्वार्थ–संस्कृतिलाई 'यो मेरो जिन्दगी हो' भन्छन् । एउटा अध्यापकले दिने शिक्षाको असर आउने पीढी माथि पनि पर्छ । प्राचीनकालमा विद्यार्थी आफ्नो गुरुसँगै परिवारको एउटा सदस्यको रूपमा बस्दथे । गुरुले पनि विद्यार्थीको सम्पूर्ण जिम्मेवारी आफ्नो काँधमा लिन्थे । गुरु–आमाको रूपमा, विद्यालयमा शिक्षक वा प्रधानाध्यापकको रूपमा हुन सक्छ । तर आज यो सम्बन्ध गौण भएको छ ।

आज आमाबुवालाई आफ्नो सन्तानलाई सही मूल्यको शिक्षा दिन' नाइँ' भन्ने कला सिक्नु अति आवश्यक छ किनभने आजको युवापीढी 'हो' सुन्न चाहन्छ हो । आज सन्तानले भन्छ, मलाई यो चाहियो । आमाबुवा भन्छन्–हुन्छ । भोलि सन्तानले भन्छ, म रेस्टुरममा खाना खान गइरहेको छु । आमाबुवा भन्छन्–जाऊ । यहाँ प्रश्न के उठ्छ भने के सानो केटाकेटीमा चालीस वर्षको आमाबुवा जस्तै सोच्ने र बुझ्ने मस्तिष्क हुन्छ ? यदि हुँदैन भने सिकाउने जिम्मेवारी कसको ? यहाँ के स्मरणीय छ भने हामीलाई आफ्नो कुलबाट नाम प्राप्त हुन्छ तर त्यसलाई सधैं कायम राख्न हाम्रो चरित्रले काम लाग्छ । र चरित्र उजिल्याउन आज समाजमा नैतिकतालाई पुनः परिभाषित गर्ने आवश्यकता छ । यही हो सम्मानको शिक्षा र भावी पीढीलाई मार्गदर्शन ।

# घरजग्गा कारोबारमा अझै बढेन विश्वास


नारायण ढुङ्गाना

काठमाडौं, २३ वैशाख/रासस


अर्थतन्त्रका आन्तरिक तथा बाह्य सूचकहरू सकारात्मक देखिए पनि अझै व्यावसायिक वातावरण निर्माण हुन भने सकिरहेको छैन । समग्र अर्थतन्त्रको असर घरजग्गा कारोबारमा पनि उत्तिकै देखिएको छ । केही सुधारका सङ्केतहरू देखिए पनि घरजग्गामा आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

भूमि व्यवस्था तथा अभिलेख विभागको तथ्याङ्कले सूचकहरू सकारात्मक हुँदाहुँदै पनि घरजग्गा कारोबार पहिलेकै अवस्थामा आउन नसकेको देखाउँछ । स्वयं व्यवसायीहरू पनि कारोबार माथि उठ्न नसकेको दाबी गर्छन् ।

झन्डै साढे तीन खर्ब कुल पूँजी रहेको रियल स्टेटको बैंक तथा वित्तीय संस्थाको कुल ऋणको साढे दुई खर्ब भनेको कुल ऋणको चार प्रतिशत जति हुन आउँछ । आवास ऋणको हकमा साढे छ प्रतिशत जति छ । कम्पनी रजिस्ट्रारको कार्यालयमा भने १८ हजार दर्ता भएका देखिएको छ । अर्थतन्त्रको यति ठूलो हिस्सा बोकेर पनि अहिले कारोबारको ग्राफ सुस्त छ ।

गएको एक वर्षको तथ्याङ्क हेर्ने हो भने केही प्रतिशत बढेको तर त्यो अत्यन्त न्यून हो । लिखत पारित आशातीत नभएको विभागकै दाबी छ । विसं २०७९ र २०८० साउन–वैशाख १५ सम्मको तथ्याङ्कको विश्लेषण गर्ने हो भने कारोबार केही बढेको देखिए पनि सन्तोषजनक छैन । प्राप्त विवरण अनुसार २०७९ साउनदेखि वैशाख १५ सम्म नौ लाख ४९ हजार आठवटा लिखत पारित (जग्गा कारोबार) भएका छन् । त्यसबाट रु २८ अर्ब ९८ करोड चार लाख बढी राजस्व सङ्कलन भएको छ ।

विसं २०८० साउनदेखि वैशाख १५ सम्मको तथ्याङ्कमा भने ११ लाख ३९ हजार ११४ घरजग्गा कारोबार भएको छ । त्यसबाट रु ३४ अर्ब सात करोड ९७ लाख राजस्व सङ्कलन भएको छ । यसलाई जग्गा व्यवसायी महासङ्घ र स्वयं विभाग पनि कारोबार बढेको भन्न नमिल्ने बताउँछन् ।

भूमि व्यवस्था तथा अभिलेख विभागका प्रवक्ता एवं निर्देशक वेदप्रसाद अर्याल भन्छन्–"केही बढेको हो तर जसरी कारोबार हुनुपर्ने हो त्यो देखिएको छैन ।" उनका अनुसार यसबीच कित्ताकाट नै रोकिएको थियो । जग्गा वर्गीकरणको विषय पनि थियो । पछिल्लो समयमा सहकारीको समस्या थपिएपछि सहकारीमा जनताका धेरै पैसा फसेको छ । सहकारी सञ्चालक वा सहकारीका नाममा रहेका घरजग्गा कारोबार हुन सकेन । नागरिकका पैसा पनि सहकारीमा डुबेपछि उनीहरूले पनि लगानी गर्न नसक्दा घरजग्गा कारोबारमा नराम्रो प्रभाव परेको अर्यालको विश्लेषण छ ।

भूउपयोग नियमावली संशोधन भएर आएपछि र केही आर्थिक सूचकहरू सकारात्मक भएको तथा राष्ट्र बैंकले पनि घरजग्गा कारोबारमा खुकुलो नीति ल्याएपछि भने केही सकारात्मक देखिएको अर्याल बताउँछन् । उनले विगतका वर्षहरूमा रु ६८ अर्बमाथि राजस्व सङ्कलन भएकोले चलायमान हुन त्योभन्दा माथि जानुपर्छ तर अहिलेसम्मको स्थिति हेर्दा आधा मात्रै राजस्व सङ्कलन भइरहेको छ ।

### सरकारले पीडा नसुनेको गुनासो

घरजग्गामा सुस्तता हुनु भनेको यसको कारोबारमा मात्रै असर गर्दैन समग्र अर्थतन्त्र चल्नका लागि पनि असर गर्ने व्यवसायीहरू बताउँछन् । हुनत घरजग्गा कारोबार अनुत्पादक क्षेत्र भए पनि यसले समग्र अर्थतन्त्रको व्यावसायिक वातावरण निर्धारण गर्छ । यसतर्फ सरकारको ध्यान अझै नपुगेको नेपाल जग्गा तथा आवास विकास महासङ्घका अध्यक्ष भेषराज लोहनी बताउँछन् ।

"मुख्य कुरा मानिसमा विश्वासनीयता नै गुमेको अवस्था छ, बाह्य सूचकहरू सकारात्मक भए पनि, ब्याजदर घट्दो क्रममा भए पनि गतिविधि सुस्त भयो । देश र विश्वव्यापी आर्थिक मन्दीको प्रभाव घर जग्गामा पनि पर्‍यो"–अध्यक्ष लोहनीले भने–"यस्तो परिस्थितिमा सरकार र राष्ट्र बैंकले अलिकति खुकुलो नीति अवलम्बन गर्नुपर्ने थियो ।" उनका अनुसार कर्जा आम्दानी अनुपात आवास ऋणको होम लोनको हकमा बढाउनुपर्ने र ऋणको अनुपात पनि बढाउन सकेको भए घरजग्गा र आवास ऋणमा पनि कर्जा जान्छ र कारोबार बढ्न सक्ने परिस्थिति बन्नेछ ।

अहिले आवास ऋण हकमा आम्दानी अनुपात रु ५० लाखसम्मको हकमा ६० प्रतिशत र त्यसभन्दा माथि रु दुई करोडको हकमा ५० प्रतिशत हुने व्यवस्था छ । व्यवसायीका अनुसार जग्गा मूल्याङ्कनको हकमा पनि दुईवटा व्यवस्था छ । ऋणको अनुपात रियलस्टेटको हकमा ५० प्रतिशत र आवासीय परियोजनाको हकमा ६० प्रतिशत छ । त्यो भने तापनि प्राकृतिकरूपमा बजार मूल्य एक तिहाईभन्दा नहुने भएकोले त्यसले चलायमान गराउनै नसक्ने व्यवसायीको दाबी छ ।

नेपाल जग्गा तथा आवास विकास महासङ्घले सरकारसँग कर्जा आम्दानी अनुपातको हकमा कम्तिमा ८० प्रतिशत र लोनको मूल्य अनुपातको हकमा न्यूनतम ७० प्रतिशत हुनुपर्छ भन्ने माग गर्दै आएको छ । यस अघि २०६६ सालतिर यो ८० प्रतिशत नै थियो । त्यसपछि बिस्तारै घटाउँदै कोरोनाको बन्दाबन्दीपछिको अवस्थामा ४० प्रतिशतसम्म झारिएको थियो । पछिल्लो छ महीनादेखि भने १०


(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# तापक्रम घट्यो: अब आउने वर्षाले आगलागी घटाउन सघाउने

काठमाडौं, २३ वैशाख/रासस

गर्मीका कारण आक्रान्त भइरहेका समयमा पछिल्लो केही दिनयता मुलुकका धेरै स्थानमा मौसम बदली हुन थालेको छ।



**आगोबाट घर जोगाउँदैः** डढेलोबाट घर जोगाउँदै एक नागरिक। घरनजीकैको जङ्गलमा फैलिएको डढेलोले घर भेट्ने जोखिममा परेपछि पाइपमार्फत घरमा पानी खन्याउँदै सोलुखुम्बु सुकेपोखरीका एक स्थानीय। तस्वीरः रासस

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले आइतवार पूर्वको कोशीका केही भूभागमा हल्कादेखि मध्यम वर्षा हुने र भोलि र पर्सि (मङ्गलवार) अन्य प्रदेशका विभिन्न ठाउँमा वर्षा हुने जनाएको छ।

विभागका मौसमविद् सरोज पुडासैनीले मौसम बदलीका कारण पछिल्ला केही दिनदेखि तापक्रम घट्दो क्रममा रहेको जानकारी दिँदै अब बढ्दो आगलागीलाई प्रभाव पार्ने गरी ठाउँठाउँमा वर्षा हुने जानकारी दिए।

उनले हिजोदेखि नै तराईका जिल्लामा ४० डिग्रीभन्दा तल नै तापक्रम रहेको जानकारी पनि दिए। यो क्रमशः घट्दै जाने उनले बताए। हिजो काठमाडौंमा २९.५ डिग्री तापक्रम थियो। हिजो सबैभन्दा धेरै धनगढीमा ३९.३ र भैरहवामा ३८ डिग्री थियो। वर्षाको सम्भावना रहेकाले तत्काल तापक्रम नबढ्ने उनले बताए।

केही दिनअघि यसपालि तापक्रम सबैभन्दा बढी भैरहवामा ४३.६ डिग्रीसम्म पुगेको थियो। पुडासैनीका अनुसार आज कोशीका केही स्थानमा र भोलि कोशी र गण्डकीका थोरै क्षेत्रमा पानी पर्ने र बाँकी पहाडी भूभागका केही क्षेत्रमा हल्लादेखि मध्यम वर्षाको सम्भावना छ।

पर्सि भने कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न क्षेत्रमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसमविद् पुडासैनीले जानकारी दिए। अब पर्ने पानीले कतिपय ठाउँमा भइरहेको आगलागी घटाउन सहयोग पुग्ने महाशाखाले जनाएको छ।

हाल नेपालमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव रहेको मौसमविद् पुडासैनीले बताए। उनका अनुसार सोही मौसमी प्रणालीका कारण देशका पहाडी भूभागमा आंशिक बदली रहेको छ।

**आगामी २४ घण्टाको अवस्था**

कोशी प्रदेशका थोरै स्थानमा तथा बाँकी पहाडी भूभागका एक/दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ।

कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागका एक/दुई स्थानमा हल्का हिमपातको सम्भावनाका साथै मधेस प्रदेशलगायत कोशी र लुम्बिनी प्रदेशका तराईका थोरै स्थानमा हावाहुरीको सम्भावना पनि रहेको छ।

त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्न सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ।

अहिले वर्षा नहुँदा अत्यधिक गर्मीका कारण देशभर आगलागीका घटना बढिरहेका छन्। ठाउँठाउँमा जनधनको ठूलो क्षति भएको छ भने वनजङ्गल डढेर सखाप भएको छ। वनबाट बस्तीका आगो सल्किंदा कतिपय जिल्लाका बस्ती नै जलेका छन्। दैनिक सयौं स्थानमा आगलागी भइरहेका छन्।

# सीप मेलामा १० हजार बढीको आवेदन

काठमाडौं, २३ वैशाख/रासस

काठमाडौं महानगरपालिकाले यही वैशाख १९ गतेदेखि शुरू गरेको 'सीप मेला २०८१' का लागि १० हजार बढीले आवेदन दिएका छन्। कामपाले दुई हजार ८१ जनालाई प्रशिक्षण दिने लक्ष्यसहित मेला शुरू गरेकामा १० हजार बढीले आवेदन दिएका हुन्।

कामपा सामाजिक विकास विभागका निमित्त प्रमुख विमला कोइरालाका अनुसार आवेदन फाराम भर्ने सबैजनालाई तालीम दिने तयारी गरिएको छ। यही वैशाख १९ गतेभित्र फाराम भर्ने आवेदकलाई सीप मेलामा सहभागी गराइने उनले जानकारी दिए। उनीहरूलाई वैशाख २८ गते शुक्रबारभित्र तालीमको तालिका उपलब्ध गराइने योजना रहेको उनको भनाइ छ।

वैशाख २० गतेपछि फाराम भर्नेहरूको हकमा विभिन्न क्याम्पस र सामुदायिक विद्यालयसँगको सहकार्यमा विभिन्न चरणमा तालीम उपलब्ध गराइने प्रमुख कोइरालाले जानकारी दिए।

"मेलामा सहभागी हुनका लागि अनलाइनको माध्यमबाट करीब पाँच हजारजनाले फाराम भर्नुभएको छ। विभिन्न वडाहरूबाट करीब तीन हजार दुई सय र टुँडिखेलमा आएर प्रत्यक्षरूपमा फाराम भर्नेको सङ्ख्या गरी १० हजार बढी छ। अहिले पनि फाराम भर्न रोकिएको छैन," प्रमुख कोइरालाले भने।

फाराम भरेकाममध्येबाट दुई हजार ८१ जनालाई तत्काल तालीम दिने र अन्यलाई आवश्यकताका आधारमा आगामी तीन वर्षसम्म तालीम दिइने उनले जानकारी दिए।

कामपाको गौरव योजना अन्तर्गत 'रोजगार र आयमा वृद्धि, काठमाडौंको समृद्धि' अन्तर्गत सीप मेला शुरू गरिएको कोइरालाले जानकारी दिए। मेलाका लागि कामपाले नेपाल तालीम तथा रोजगारी व्यवसायी महासङ्घसँग सहकार्य गरेको छ।

मेलाबाट १० क्षेत्रका ३६ पेशासम्बन्धी तालीम दिने लक्ष्य राखिएको कामपाले जनाएको छ। मेलाले छरिएर रहेका सीपलाई एकीकृत गर्ने, सीप भएका व्यक्तिलाई रोजगारदाताको पहुँचमा पुऱ्याउन मदत गर्ने कामपाको विश्वास छ।

१८ वर्ष उमेर पूरा भएका ५८ वर्ष समूहसम्मका व्यक्तिले तालीममा सहभागी हुन पाउने प्रमुख कोइरालाले जानकारी दिए।

अनलाइनमार्फत विवरण भर्न कठिन हुनेहरूका लागि वडाबाट कागजमा फाराम भर्न सक्ने व्यवस्था गरिएको थियो। यससँगै शुभारम्भका दिन टुँडिखेलमा आएका सहभागीहरूले उक्त स्थानबाटै फाराम भर्न पाउनुपर्छ भनेपछि त्यहाँबाट पनि फाराम भरिएको प्रमुख कोइरालाले जानकारी दिए।



वन क्षेत्रमा जताततै डढेलो लागेपछि सुरक्षित वासस्थान खोज्दै दुई बाँदर। वन क्षेत्रमा पानी र आहाराको अभाव छ। वनजङ्गलमा डढेलो लगाउँदा वन्यजन्तु, चराचुरुङ्गी मात्र होइन मानिसलाई पनि उत्तिकै असर पर्छ। तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक

# काठमाडौंको वायु अझै अस्वस्थ

काठमाडौं, २३ वैशाख/रासस

आइतवार फेरि काठमाडौं वायु प्रदूषणको हिसाबले विश्वकै दोस्रो प्रदूषित शहरको रूपमा सूचीकृत भएको छ। 'एयर क्वालिटी इन्डेक्स' को आजको तथ्याङ्क अनुसार समग्र वायु गुणस्तर सूचकाङ्क (एक्युआई) १७७ पुगेको छ।

गत बिहीवार वायु गुणस्तर सूचकाङ्क १६८ पुगेको थियो भने बुधवार वायु प्रदूषण बढेर वायु गुणस्तर सूचकाङ्क १९५ पुगेको थियो। शनिवार भने घटेर १८५ रहेको थियो।

एयर क्वालिटि इन्डेक्स' का अनुसार पहिलो प्रदूषित शहरको रूपमा भने भारतको दिल्ली शहर सूचीकृत भएको छ। डिल्लीको वायु गुणस्तर सूचकाङ्क २४५ रहेको छ। यसैगरी तेस्रो स्थानमा चीनको बेइजिङ शहर विश्वकै तेस्रो प्रदूषित शहरको रूपमा सूचीकृत भएको छ।

सुख्खायामसँगै बढ्दै गइरहेको तापक्रम वृद्धिसँगै मुलुकको विभिन्न स्थानमा लागेको वन डढेलोको कारण वायु प्रदुषण पनि बढिरहेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सुक्खायामसँगै मुलुकका विभिन्न स्थानमा लागिरहेको डढेलो नियन्त्रण हुन नसक्दा काठमाडौं उपत्यकालगायत मुख्य शहरमा प्रदुषण बढेर वायु नै अस्वस्थ रहेको छ।

नेपालमा फागुन, चैत, वैशाख र जेठ महीनामा वायु प्रदुषण बढ्ने गरेको भन्दै सतर्क रहन वातावरण विभागले अनुरोध गरेको छ। मुलुकका विभिन्न स्थानमा लागेको वन डढेलोको धूवाँका कारण वायु अस्वस्थ भएको भन्दै विभागले सावधान रहन आग्रह गरेको हो।

विभागका अनुसार यस अवधिमा विशेषगरी बढ्दो तापमान, कम सापेक्षित आर्द्रता र सुख्खा मौसमजस्ता प्राकृतिक कारणबाट हुने डढेलो, मानवीय कारण जस्तै फोहर तथा कृषि अवशेष जलाउँदा तथा उद्योग कलकारखाना, सवारी साधन, भौतिक निर्माण आदिबाट निस्कने प्रदूषित धुवाँ-धूलोबाट वायु प्रदुषण हुने गरेको पाइएको छ। विभागका महानिर्देशक भूपाल बरालले पछिल्लो समय बढ्दै गइरहको वन डढेलोको कारण प्रदुषण बढेको भन्दै अन्तरनिकायबीच समन्वय बढाएर डढेलो नियन्त्रणका प्रभावकारी कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको बताएका छन्।

"हाल देशका अधिकांश भूभागमा डढेलो तथा आगलागीका घटना बढिरहेको तथा डढेलोको कारण धन जनको क्षतिका विवरण प्राप्त भइरहेका छन्"–उनले भने–"भूउपग्रहको तथ्याङ्क विश्लेषणबाट प्राप्त विवरणबमोजिम सन् २०२४ को शुरूआतदेखि हालसम्म १,६५३ वटा डढेलो तथा आगलागीका घटना भएको देखिन्छ। पछिल्लो दिनमा डढेलो तथा आगलागीका घटना बढेसँगै नेपालको अधिकांश भूभागमा वायु प्रदूषण बढेको छ।"

डढेलोविद् सुन्दर शर्माले मुलुकको विभिन्न स्थानमा लागिरहेको वन डढेलोसँगै प्रदूषण पनि बढिरहेको भन्दै डढेलो नियन्त्रणका प्रभावकारी कार्यक्रम सञ्चालन गर्न जोड दिएका छन्।

विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीका अनुसार ० देखि एक्युआई ५० राम्रो अर्थात् हरियो चिह्नले चिनिन्छ। "५१ देखि १०० सम्मको एक्युआईलाई होशियार होऔं अथवा पहेंलो सङ्केतले चिनिन्छ। १०१ देखि १५० सम्मलाई अस्वस्थ, जसमा श्वासप्रश्वास र मुटु रोगीका बिरामीलाई असर गर्छ भन्ने बुझिन्छ।" उनले भने–"१५१ देखि २०० सम्मको एक्युआइ अस्वस्थ र सबैलाई असर पार्ने भन्ने बुझिन्छ। २०१ देखि ३०० लाई धेरै अस्वस्थको रूपमा लिइन्छ भने ३०१ देखि ४०० लाई खतरनाक र ४०१ देखि ४५० लाई धेरै खतरा मानिएको छ।"

काठमाडौं उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ ले पनि नेपाल सरकारले निर्धारण गरेको एक्युआईको मान ३०० भन्दा बढी भएको अवस्थालाई विपद्को रूपमा लिने बताएको छ। यो विपद् रोक्ने कार्ययोजनामा फोहर बाल्ने कार्य रोक्ने, सडक सफा गर्न ब्रुमर तथा ब्याकुम प्रयोग व्यापक गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीलाई विशेष सावधान रहन सार्वजनिक सूचना जारी गर्ने कार्ययोजनामा उल्लेख गरिएको छ।

# चलचित्रको कथा बोल्ने गीत

काठमाडौं, २३ वैशाख/रासस

केही समययता नेपाली चलचित्र 'बोक्सीको घर'मा समावेश गरिएको 'बुझिनँ मैले' बोलको गीत लोकप्रिय भइरहेको छ। युटचुबमार्फत सार्वजनिक गरिएको उक्त गीतलाई एक महीनामै एक करोड ३० लाखभन्दा बढी पटक हेरिएको छ।




गीतलाई प्रकाश सपूतले तयार गरेका छन्। उनकै शब्द र सङ्गीत रहेको उक्त गीत समीक्षा अधिकारीले गाएकी हुन्।

चलचित्रले पहिलो सातामा रु छ करोडको हाराहारीमा व्यापार (ग्रस कलेक्शन) गरेको निर्माण पक्षले पत्रकार सम्मेलनमार्फत जानकारी दिएको छ। यो सफलतामा महत्त्वपूर्ण भूमिका गीतको रहेको अभिनेत्रीसँगै निर्मात्री रहेकी केकी अधिकारीले बताइन्।

"प्रचारप्रसार गर्न तयार पारिएको सामग्रीलाई चिनाउने काम गीतले गरेको छ," अभिनेत्री अधिकारीले भनिन्, "गीत जति चर्चित भइरहेको छ, त्यति नै यसको निर्माणको विषयमा कौतुहलता बढ्नु स्वाभाविक हो। गीतले चलचित्रको कथा बोलेकोले पनि लोकप्रिय बन्दै गएको हो।"

अभिनेत्री अधिकारीले गायक सपूतसँग 'परदेशी-२' नामक चलचित्रमा काम गरेपछि केही साङ्गीतिक चलचित्र (म्युजिक भिडियो)मा काम गरेकी छन्। सहकार्यले सामीप्यता बढाएपछि उनले निर्माण गर्न लागेको चलचित्रको कथा गायक सपूतलाई पढेर सुनाव दिन आग्रह गरेकी थिइन्।

"म प्रकाशजीको कलाप्रतिको चेतना र उहाँले निर्माण गरिरहेको गीत–सङ्गीतले प्रभावित भएकी थिएँ। उहाँले विषयवस्तुको प्रशंसा गर्दै सहकार्य गर्ने प्रतिबद्धता दिनुभयो। विविध कारणले चलचित्र निर्माण भएर तयार हुँदा पनि सहकार्य हुन सकेको थिएन," अभिनेत्री अधिकारीले भनिन्।

विषयको गम्भीरतालाई बुझेर चलचित्रमा सोही प्रकृतिको गीत राखिएको थियो। कथा सुहाउँदो भएपनि दर्शकको ध्यान बढी केन्द्रित गराउने उद्देश्यले गायक सपूतसँग सहकार्य गर्ने विषयमा निर्देशक तथा लेखक सुलक्षण भारतीसँग छलफल गरेपछि गीतमार्फत सहकार्यका लागि पहल भएको अभिनेत्री अधिकारीले जानकारी दिइन्।

"प्रकाशजीले कथा पढिसक्नुभएकोले हाम्रो विषयसँग जानकार हुनुहुन्थ्यो। कस्तो गीत बनाउने भन्ने विषयमा हामीले दुईपटक छलफल गर्यौं। चलचित्रको कथाका लागि गीत बनाउने भएपनि कथाभन्दा बाहिर नजाने र दर्शकको भावनालाई समेट्ने गरी गीत बनाउने सहमति जुट्यो। तेस्रो छलफलमा उहाँले यसको प्रारम्भिक स्वरूप तयार गर्नुभयो," अभिनेत्री अधिकारले भनिन्। पहिलोपटक गीत सुनेपछि नै यसलाई तयार गर्ने सहमत भएको उनको भनाइ छ।

गायक सपूत र अभिनेत्री अधिकारीले समीक्षा अधिकारीलाई गीत गाउन दिने निर्णय गरेका थिए। गीत रेकर्ड गर्न स्टुडियोमा हुँदा गायक सपूतले शब्दमा हेरफेर गर्दै कथासार व्यक्त गर्नेगरी तयार गरेका अभिनेत्री अधिकारीले जानकारी दिइन्।

"यो गीत सुनेपछि म ढुक्क थिएँ। यसमा महिलाले महसुस गर्न सक्ने शब्द छन्। सायद त्यो समयमा प्रकाशजीको ज्ञानमा सरस्वतीले नै बास गरेकी थिइन्। बन्दाबन्दै यो गीत अहिले महिलाको सुखदुःखको गीत बन्न पुगेको छ," उनले भनिन्।

निर्देशक भारतीले चलचित्रको कथासँगै जोडिने गीत पाएपछि यसलाई चलचित्रमा समेत राख्ने निर्णय गरिएको बताए। "यो गीत हामीले प्रचारका लागि तयार गर्ने भनेर शुरू गरेका थियौं," उनले भने, "पछि चलचित्रमा नै राख्न मिल्ने गरी तयार भयो। यसले चलचित्रलाई नै व्यक्त गरेको छ भन्दा फरक पर्दैन।"

यो गीत रेकर्ड गरिएको पाँच दिनमै श्रव्यदृश्यसहित तयार गरेर सार्वजनिक गरिएको अधिकारीले जानकारी दिइन्। चलचित्र प्रदर्शनको संघारमा भएकोले कम समयमा नै श्रव्यदृश्य तयार गरी सार्वजनिक गरिएको उनको भनाइ छ। यतिबेला यो गीत नेपालसहित विश्वभरका नेपालीमाझ लोकप्रिय बनेको छ।

गीतको डिजिटल अधिकारप्राप्त कम्पनी ओएसआर डिजिटलले नेपालसँगै विदेशमा समेत उत्तिकै हेरिएको गीतमा 'बुझिनँ मैले' रहेको जानकारी दिएको छ।

# नेप्से परिसूचक ओरालो यात्रामा

काठमाडौं, २३ वैशाख/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतवार पनि ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २४ दशमलव ५८ अङ्कले ओरालो लागेर एक हजार ९७४ दशमलव ३७ मा सीमित भएको छ। कुल ९७ लाख ६२ हजार ८०३ कित्ता शेयर रु तीन अर्ब ७९ करोड ५७ लाख ४८ हजार २९६ मूल्यमा कारोबार भयो।

स्टकका अनुसार कारोबारका आधारमा नेपाल फाइनान्स शीर्ष स्थानमा छ। सो कम्पनीको रु १२ करोड ६४ लाख ९९ हजार ७५३ बराबरको कारोबार भयो। यस्तै, डोल्टी पावर नौ दशमलव ५६, साधना लघुवित्त आठ दशमलव ७२, समता घरेलु लघुवित्त आठ दशमलव ७२, कुमारी बैंकको ऋणपत्र चार दशमलव शून्य तीन र नबिल ब्यालेन्स फन्ड तेस्रोका लगानीकर्ताले तीन दशमलव ८९ प्रतिशतले कमाएको नेपाल स्टक एक्सचेन्जले जनाएको छ।

पिपल्स पावर नौ दशमलव ९२, सिङ्टी हाइड्रोपावर इनर्जी सात दशमलव ५५, हिमालयन डिस्टिलरी छ दशमलव ३३, जानकी फाइनान्स पाँच दशमलव ६९ र बोटलर्स नेपाल तराईका लगानीकर्ताले भने पाँच दशमलव २३ प्रतिशत घाटा बेहोर्नुपरेको छ।

# नेपालको लोकतन्त्रीकरणको प्रवर्द्धनमा जापानको सहयोग छ

सन् २०२६ मा जापान–नेपाल कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पुग्दैछ । यही वर्ष नेपाल अति कम विकसित मुलुक (एलडिसी) बाट स्तरोन्नति हुँदैछ । म जापानको विदेशमन्त्रीको हैसियतले यस सम्झनायोग्य वर्षका लागि नेपालसँग स्थापित सम्बन्धलाई अझ प्रगाढ बनाई अति कम विकसित मुलुकबाट स्तरोन्नति हुन नेपालको थप विकासका लागि दृढतापूर्वक सहयोग गर्दै जाने विचार व्यक्त गर्दछु ।

जापान र नेपाल दुवै लोकतान्त्रिक मुलुक भएकाले नेपालको लोकतन्त्रीकरण प्रयासमा जापानले विभिन्न सहयोग प्रदान गरेको छ । सन् २००८ मा राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण भएको घोषणा भएदेखि नेपालको संसदीय निर्वाचनमा जापानले निर्वाचन पर्यवेक्षक पठाइरहेको छ तथा नेपालको कानूनी प्रणालीको विकासमा सहयोग गरी नेपालमा लोकतन्त्रीकरणे प्रवर्द्धन गर्न योगदान पुर्‍याउने विभिन्न सहयोग प्रदान गरेको छ । विगतमा म कानूनमन्त्री हुँदा कानून मन्त्रालयले जाइकासँग सहकार्य गरेर नेपालको मुलुकी देवानी संहिता र मुलुकी देवानी कानून नियमावली तयार पार्ने विषयमा प्रशिक्षण प्रदान गर्नुका साथै नयाँ मुलुकी देवानी संहिता तयारीमा पनि सहयोग गरेकी थिएँ ।

यस अवसरमा हालैका वर्षमा जापान सरकारले सशक्तरूपमा प्रवर्द्धन गरेको ‘महिला, शान्ति, सुरक्षा’ (डब्ल्युपिएस), जुन मेरो जीवनकालको काम पनि हो । यस सम्बन्धमा नेपालसँग सहकार्य गर्नेबारे पनि कुरा गर्न चाहन्छु । डब्ल्युपिएसले द्वन्द्वमा परेका महिलाजस्ता नाजुक स्थितिका मान्छेहरूको संरक्षणमा पहलकदमी गर्दै महिलाहरूको नेतृत्वकारी भूमिकाले द्वन्द्व रोकथाम र मानवीय पुनर्निर्माणमा सहभागी भई दिगो शान्तिको नजीक पुग्न सकिन्छ भन्ने विचार हो । जापान सरकारले डब्ल्युपिएसलाई जोडतोडका साथ बढावा दिइरहेको छ र मैले पनि विदेशमन्त्रीका रूपमा पदभार ग्रहण गरेपछि नै विभिन्न पहल गर्दै आइरहेकी छु । संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना कार्य (पिकेओ)मा विश्वमा सबैभन्दा बढी शान्ति सेना पठाउने मुलुक तथा सबैभन्दा धेरै महिला शान्ति सेना खटाउने मुलुक पनि नेपाल नै हो । यसरी डब्ल्युपिएस क्षेत्रमा पनि सहयोगको प्रचुर सम्भावना भएकोले यसपटकको नेपाल भ्रमणको क्रममा म नेपालसँग सहयोग सम्भाव्यताबारे खोजी गर्न चाहन्छु ।

**विचार**



खामिखावा योको

> **जापानको यस्तो पूर्वाधार सहयोगमार्फत नेपाली जनताले आफ्नो दैनिक जीवनयापनमा सुरक्षा र सुविधा वास्तविकरूपमै अनुभव गर्न सकून् भनी हामीले कामलाई निरन्तरता दिइरहेका छौं ।**

मेरा प्रिय नेपाली साथीहरूलाई नमस्कार ! ‘जापान’ शब्द सुन्दा तपाईंहरूको मनमा कस्तो विचार आउँछ ? ‘नेपाल’ शब्द सुन्नासाथ हामी जापानीहरूको मनमा सर्वोच्च शिखर सगरमाथाको प्रतिनिधित्व हुने अपूर्व मनोरम हिमालय पर्वतहरूको परिकल्पना आउँछ । जापानको फुजी पर्वतको फेदमा अवस्थित सिजुओका प्रान्तमा जन्मीहुर्केकी मेरा लागि नेपाल गहिरो आत्मीयता भएको मुलुक हो, जुन मुलुकको आज पहिलोपटक भ्रमण गर्न पाउँदा म अत्यन्तै हर्षित छु ।

पछिल्लो समय जापानमा नेपालको उपस्थिति दिन प्रतिदिन बढ्दै गइरहेको छ । सन् १९०२ मा पहिलोपटक नेपाल सरकारले जापानमा अध्ययन गर्न आठजना नेपाली विद्यार्थी पठाएको पनि १२० वर्ष नाघिसकेको छ । आज हाम्रा दुई मुलुक सात घण्टाजतिको सीधा हवाई उडानबाट जोडिएका छन् । हाल जापानमा बस्ने नेपालीको सङ्ख्या १७० हजार नाघिसक्यो । जुन जापानमा बसोवास गर्ने विदेशीको सङ्ख्यामा छैटौं ठूलो हो । जापानमा बसोवास गर्ने नेपालीहरूको सक्रिय सहभागिताका कारण दुई देशबीचको सम्बन्ध निरन्तर प्रगाढ हुँदै गएकोमा म अत्यन्त हर्षित छु ।

जापान र नेपालबीच धेरै समानता छन् । एउटा चाहिं दुवै देशको ७० देखि ८० प्रतिशत क्षेत्रफल पहाडी अथवा हिमाली भूभागले ओगटेको छ । भिरालो भूबनोटका कारण निरन्तर प्राकृतिक प्रकोपको सामना गर्दै आएको जापानको इतिहास विचार गर्दा नेपालजस्तो पहाडी मुलुकको राष्ट्रनिर्माण अत्यन्तै कठिन छ भन्ने कुरा जापानी हुनुको नाताले म बुझ्न सक्छु ।

दुर्भाग्यवश दुवै देशले भूकम्पबाट क्षति बेहोर्नुपरेको कुरामा पनि समानता छ । त्यसैले हामी दुवै देशले एक अर्का देश ठूला भूकम्पको चपेटामा पर्दा विशेष सहानुभूति तथा ऐक्यबद्धताको भावनाबाट उत्प्रेरित भएर परिवारको जस्तो सहयोगी हातहरू बढाउँदै आएका छौं । सन् २०११ मा पूर्वी जापानमा गएको महाभूकम्पमा नेपालको तर्फबाट पाँच हजार थान कम्बल सहयोग तथा जापानमा बसोवास गर्ने नेपालीहरूले ठाउँठाउँमा तातो नेपाली खाना तथा कफीजस्ता सामग्री प्रदान गरेका थिए । सन् २०१५ मा नेपालमा गएको गोरखा भूकम्पपछि जापानले करीब एक अर्ब ६८ करोड येनको आकस्मिक अनुदान सहयोग तथा त्रिपाल र कम्बलजस्ता आकस्मिक राहत सामग्री प्रदान गर्नुका साथै जापानी विपद् राहत टोली (उद्धार टोली, स्वास्थ्य उपचार टोली र जापानी आत्मरक्षा फौजको टोली) नेपाल पठाएको थियो । यी आपत्कालीन मानवीय सहयोगका अतिरिक्त जापानले ‘अझ सशक्त पुनर्निर्माण’ (बिल्ड ब्याक बेटर) अन्तर्गत विद्यालय, निजी आवास, सार्वजनिक भवन पुनर्निर्माणका क्षेत्रमा कुल ३२ अर्बभन्दा बढी जापानी येन सहायता प्रदान गरेको थियो ।

यसै वर्षको जनवरीमा जापानको नोटो प्रायःद्वीपमा गएको भूकम्पपछि सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल तथा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाललगायत नेपाल सरकारका धेरै महानुभावबाट हार्दिक सहानुभूतिका सन्देशहरू हामीले प्राप्त गर्‍यौं । यसबाहेक जापानमा रहेका नेपालीहरू विपद्ग्रस्त क्षेत्रमा पटकपटक गएर ‘सङ्कटको समयमा मित्रहरूबीच आपसी सहयोग’ भन्ने नाराका साथ मसालेदार नेपाली खाना तयार गरी भारी हिमपातले अत्यन्त ठण्डा मौसममा पीडितहरूको हृदय र शरीरमा न्यानो साहस सञ्चार गर्न प्रोत्साहन गर्नुभयो । जापानी विदेशमन्त्रीको हैसियतले नेपालीहरूको जापानप्रतिको न्यानो सहयोग तथा भावनाप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

जापान र नेपालले प्राकृतिक स्रोतको पनि अभाव झेलिरहेका छन् । त्यसैले दुवै मुलुकले अन्तरआबद्धताको सुनिश्चितता गरी, शक्ति या बलमिच्याईंबाट मुक्त भई, मुलुकको आकारसँग नभई स्वतन्त्रता र कानूनी शासनको सुनिश्चितता गर्ने अन्तर्राष्ट्रिय समुदायको आवश्यकता छ । यस्तो अन्तर्राष्ट्रिय समुदायलाई मूर्तरूप दिन हरेक मुलुकले आफ्नो कमीकमजोरी पार गर्दै बलियो समाज निर्माण गर्नु पूर्वशर्त हो । यसै कुरालाई ध्यानमा राखेर जापानले नेपाललाई दिगो विकास र स्थायित्वको मार्गमा अग्रसर हुने कुरालाई ठूलो महत्त्व दिएको छ ।

यही विचारमा आधारित भएर जापानले सन् १९६९ देखि नेपालको भौगोलिक तथा ऐतिहासिक पृष्ठभूमिलाई मध्यनजर गर्दै विद्युत्, सडक, विमानस्थल, खानेपानीजस्ता पूर्वाधार निर्माण तथा कृषि, शिक्षा, स्वास्थ्य उपचारलगायत नेपालका विविध क्षेत्रको विकासमा सहयोग गर्दै आएको छ । हालसालै छिचोलिएको नागढुङ्गा सुरुङमार्ग नेपालकै पहिलो पहाडी सडक सुरुङ हो र यो निर्माण सम्पन्न भएपछि सडक यातायात सञ्जाललाई सहज बनाई तीव्र गतिमा बढिरहेको ट्राफिक व्यवस्थापनको माग सम्बोधन गर्नुका साथै यात्राको समय पनि घट्न जानेछ । यस अलावा सडक सुरक्षामा सुधार भई क्षेत्रीय, सामाजिक तथा आर्थिक विकासमा योगदान पुर्‍याइ समग्र नेपालको थप विकासमा दृढताका साथ सहयोग पुर्‍याउनेछ । जापानको यस्तो पूर्वाधार सहयोगमार्फत नेपाली जनताले आफ्नो दैनिक जीवनयापनमा सुरक्षा र सुविधा वास्तविकरूपमै अनुभव गर्न सकून् भनी हामीले कामलाई निरन्तरता दिइरहेका छौं ।

(खामिखावा जापानी विदेशमन्त्री हुन् । रासस)


# वनमा आगो लगाएको अभियोगमा पाँचजना पक्राउ

काभ्रेपलाञ्चोक, २३ वैशाख/रासस

जङ्गलमा आगो लगाएको अभियोगमा पाँचजना पक्राउ परेका छन् । वनमा आगजनी गरेको अभियोगमा उनीहरूलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले बताए ।

पाँचखाल नगरपालिका–५ रातमाटे सामुदायिक जङ्गलमा आगो झोसेको अभियोगमा मण्डनदेउपुर नगरपालिका–११ का ३१ वर्षीय मैते तामाङ, २५ वर्षीय विकास भुजेल र सविन सुनार, नमोबुद्ध नपा–१ को कासकोट सामुदायिक जङ्गलमा आगो लगाएको अभियोगमा ८० वर्षीय आइतीमाया तामाङ र चौरीदेउराली गाउँपालिका–६ को आरुबोट सामुदायिक जङ्गलमा आगो लगाएको आशङ्कामा सोही वडाका ४९ वर्षीय लालकुमार सेन ठकुरीलाई नियन्त्रणमा लिइएको हो । पक्राउ परेका पाँचजनामध्ये नमोबुद्ध–१ का तामाङलाई हिरासतमुक्त गरिएको र अन्यलाई मुद्दा चलाइएको उनले बताए ।

रोशी, महाभारत र खानीखोला गाउँपालिकाका विभिन्न ठाउँमा धनमालको क्षति भएको छ । रोशी गाउँपालिका–४ सानोपोटा गाउँका १५ घर नष्ट हुँदा रु दुई करोड २६ लाख ३० हजार बराबरको क्षति भएको थियो ।



बिहानैदेखि तातो हावा र चर्को घामदेखि डराएर छाक टर्दैन । माछा मारेर बिक्री नगरेसम्म घरको चुलो बल्दैन । छोरा र पत्नीसँगै मिलेर कोल्हवीस्थित जमुनी खोलामा माछा मार्दै माझी समुदाय । तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक

## फरक समाचार

# खाना खाएपछि पनि भोक लाग्छ ?

हामी भोक मेटाउनको लागि खाना खान्छौं, तर पेट भरिएपछि पनि खान मन लाग्छ भने कतै केही गडबढी त छैन ? धेरैलाई यो समस्या हुन्छ तर समस्या कहाँ छ भन्ने बुझ्दैनन् । प्रख्यात आहारविद् आयुषी यादवले खाना खाएपछि पनि भोक लाग्छ भने यसको पछाडि पाँचवटा कारण हुन सक्ने बताएकी छन् ।

**१) प्रोटिन र फाइबरको कमी** : प्रोटिन र फाइबर दुई पोषक तत्त्व हुन्,



जसले तपाईंको पेट लामो समयसम्म भरिएको महसूस गराउँछ । यस्तो अवस्थामा अनावश्यक भोकको लालसाबाट मुक्ति मिल्छ । त्यसकारण खानामा दुवै पोषक तत्त्व समावेश गर्नुहोस् जसले गर्दा अनावश्यक भोक लाग्ने समस्याबाट मुक्त हुन सकिन्छ ।

**२) पानीको अभाव** : पेटभरि खाना खाएपछि पनि भोक लाग्छ भने यसको मतलब शरीरमा पानीको कमी छ । त्यसैले दिनमा आठ गिलास पानी पिउनुहोस् र खाना खाने समयमा पनि थोरै पानी पिउनुहोस् ।

**३) रगतमा बढी चिनीको स्तर** : यदि खाना खाएपछि पनि भोक लाग्न थाल्यो भने यो हाइब्लड सुगरको साइड इफेक्ट हुन सक्छ । यदि तपाई मधुमेह वा प्रि–मधुमेहको रोगी हुनुहुन्छ भने तपाईंले रगतमा चिनीको मात्रा कति छ भनी नियमित जाँच गरिराख्नुपर्छ ।

**४. छिटो खाने बानी** : छिटो–छिटो खाना खाने बानी छ भने तुरुन्तै त्याग्नुहोस् । खाना राम्ररी चपाएर खानुहोस् । दाँतको काम पेटलाई गर्न नदिनुहोस् । यसले गर्दा खाना खाएपछि तुरुन्तै भोक लाग्दैन ।

**५. अत्यधिक व्यायाम** : यदि तपाई अत्यधिक व्यायाम गर्नुहुन्छ भने तपाईंलाई धेरै क्यालोरी आवश्यक पर्छ । यसका साथै प्रोटिन र फाइबरयुक्त खानेकुरा पनि खानुपर्छ । यदि तपाईंले सही मात्रामा क्यालोरी उपभोग गर्नुभएन भने खाना खाएपछि पनि भोक लाग्ने र शरीरमा कमजोरी महसूस हुन सक्छ ।

**यी बानीहरू अँगाल्नुहोस् :**


१. प्रोटिन र फाइबरयुक्त स्वस्थ नास्ता गर्नुहोस्, २. दिनभर पर्याप्त मात्रामा पानी पिउनुहोस्, ३. दिउँसोको खानामा अत्यावश्यक पोषक तत्त्वले भरिपूर्ण खाने कुरा खानुहोस् । ४. खाना बिस्तारै राम्ररी चपाएर खानुहोस्, ५. अनावश्यक तनाव नलिनुहोस्, ६. रगतमा चिनीको स्तर कायम राख्नुहोस्, ७. दैनिक आठ घण्टा आरामदायी निद्रा लिनुहोस्, ९. जब भोक लाग्छ, तब मात्र स्वस्थ खाना खानुहोस् ।

# ह्वाट्सएप खाता प्रतिबन्धित भएपछि के गर्ने ?

भर्खरै बलिउड अभिनेता सोनु सुदको ह्वाट्सएप प्रतिबन्ध गरियो । उनको खाता करीब ४० घण्टापछि सक्रिय भएको थियो । तपाईंको ह्वाट्सएप खाता पनि कुनै पनि समयमा प्रतिबन्धित हुन सक्छ । धेरैपटक हाम्रो गलतीका कारण खाता प्रतिबन्धित हुन्छ र कहिलेकाहीं कुनै गलतीविना पनि प्रतिबन्धित हुन्छ ।

यदि कुनै कारणले तपाईंको ह्वाट्सएप खाता प्रतिबन्धित हुन्छ भने, आत्तिनुपर्दैन । तपाईंले अपील गरेर यो प्रतिबन्ध हटाउन सक्नुहुन्छ ।

**अकाउन्ट किन प्रतिबन्धित हुन्छ ?** : यदि तपाईंको खाता प्रतिबन्धित छ भने यस प्रकारको सन्देश आउँछ– तपाईंले आफ्नो अकाउन्ट प्रयोग गर्न सक्नुहुन्न । ह्वाट्सएप सेवाका शर्तहरू उल्लङ्घन गर्दा खाता प्रतिबन्ध हुन्छ । यदि तपाईंको खाता स्पाम वा धोखाधडीमा संलग्न छ वा कुनै पनि ह्वाट्सएप प्रयोगकर्ताहरूको सुरक्षालाई खतरामा पार्छ भने अकाउन्ट प्रतिबन्ध हुन्छ ।




यस्तो अवस्थामा एप खोल्दा त्यहाँ समीक्षा अनुरोध गर्ने विकल्प हुन्छ । यसमा क्लिक गरेपछि आफ्नो समस्या बताउनुपर्छ र सबमिट गर्नुपर्छ । यसो गरेको खण्डमा ७२ घण्टाभित्र ह्वाट्सएपतर्फबाट जवाफ पाउनुहुनेछ ।

यसबाहेक, तपाई Support@whatsapp.com मा पनि इमेल गर्न सक्नुहुन्छ । मेलमा तपाईंले बताउनुपर्छ, तपाईंको खातामा प्रतिबन्ध लगाइएको छ, यद्यपि तपाईंले सेवाका शर्तहरू उल्लङ्घन गर्नुभएको छैन भने । ह्वाट्सएपले तपाईंको अनुरोधको समीक्षा गर्छ र निर्णय लिन्छ र त्यसपछि तपाईंलाई सूचना पठाउँछ ।

**भारतमा तीन महीनामा २२ करोड अकाउन्ट प्रतिबन्ध** : तीन महीनामा ह्वाट्सएपले भारतमा २२ करोडभन्दा बढी खातामाथि प्रतिबन्ध लगाएको छ । नीति उल्लङ्घन गरेको भन्दै ह्वाट्सएपले यो कारबाई गरेको हो । यो सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा दोब्बर हो । यी तथ्याङ्कहरूले साइबर घोटालाको बढ्दो मुद्दातर्फ औंल्याउँछन् ।

ह्वाट्सएपको मासिक रिपोर्ट अनुसार यी भारतीय ह्वाट्सएप खाताहरूविरुद्ध कारबाई सूचना प्रविधि डिजिटल मिडिया आचारसंहिता अन्तर्गत गरिएको थियो ।

ह्वाट्सएपद्वारा प्रतिबन्धित खाताहरू स्पाम र अन्य गलत कार्यमा संलग्न थिए । यी खाताहरूबाट स्पाम सन्देशहरू पठाइन्थ्यो । यसका साथै मानिसहरूलाई अश्लील र धम्कीपूर्ण सन्देश पठाउने धेरै खाता प्रतिबन्धित भएका छन् । भारतमा करीब ५३ करोड मानिसले ह्वाट्सएप प्रयोग गर्छन् ।

**आफ्नो ह्वाट्सएप खाता यसरी सुरक्षित राख्नुहोस्** : कुनै पनि प्रकारको शङ्कास्पद लिङ्कमा क्लिक नगर्नुहोस् । कुनै पनि सन्देश फरवार्ड गर्नु अघि दुईपटक सोच्नुहोस् । त्यसपछि मात्र पठाउनुहोस् । टेलिमार्केटिङ र सम्बद्ध मार्केटिङका लागि बल्क सन्देशहरू नपठाउनुहोस् । यदि यो तपाईंको काम हो भने व्यापार खाता (ह्वाट्सएप बिजनेश) बाट सन्देश पठाउनुहोस् । कसैलाई अश्लील सामग्री नपठाउनुहोस् ।

–प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## टेक्सासमा बाढी प्रभावित क्षेत्रबाट छ सयभन्दा बढीको उद्धार

ह्युस्टन, २३ वैशाख/सिन्ह्वा

अमेरिकाको चौथो ठूलो शहर टेक्सासको ह्युस्टन वरपरको बाढीग्रस्त क्षेत्रबाट छ सयभन्दा बढी व्यक्तिको उद्धार गरिएको छ। बाढीको कारण जोखिम बढ्ने र थप वर्षाको पूर्वानुमान गरिएको छ।


महिलाको उद्धार गर्दै एकजना उद्धारकर्मी। तस्वीरः एपी

राष्ट्रिय मौसम सेवाले सामाजिक सञ्जालमा अर्को चरणको भारी वर्षाको सम्भावना शनिवार ढिलो (आइतवार)सम्म हुने पोस्ट गरेको छ।

ह्युस्टनबाट ३० माइल (५० किलोमिटर) उत्तरपूर्वमा रहेको स्प्लेन्डोरा शहरनजीकै गत पाँच दिनमा २१ इन्च (५३ सेन्टिमिटर)भन्दा बढी पानी परेको मौसम सेवाले जनाएको छ।

ह्यारिस काउन्टीका न्यायाधीश लिना हिडाल्गोले एक पत्रकार सम्मेलनमा काउन्टीका विभिन्न क्षेत्रबाट झन्डै १८० जना मानिस र १२२ वटा घरपालुवा जनावरको उद्धार गरिएको बताए।

स्थानीय मिडियाले पोल्क काउन्टीमा एक सयजनाभन्दा बढी र मोन्टगोमेरी काउन्टीमा चार सयभन्दा बढीको उद्धार गरिएको बताएका छन्।

हिडाल्गोले बिहीवार सान ज्याकिन्टो नदीको पूर्वी फोर्कमा रहेको ह्युस्टन क्षेत्रका बस्तीलाई अनिवार्य खाली गर्न आदेश दिएका छन् र त्यहाँका बासिन्दालाई सकेसम्म चाँडो आफ्नो घर छोड्न आग्रह गरिएको थियो।

ह्युस्टन शहरका अधिकारीले शनिवार यस क्षेत्रमा करीब एक हप्तामा करीब चार महीना बराबरको वर्षा भएको जनाएका छन्। तथापि यहाँ हालसम्म कसैको मृत्यु वा घाइतेको खबर आएको छैन। रासस

## गूगल प्ले स्टोरमा सामसुङको "गूड लक" एप

वाशिङ्टन, २२ वैशाख/एएनआई

सामसुङको लोकप्रिय एप्लिकेशन 'गूड लक'लाई गूगल प्ले स्टोरमा राख्न थालिएको छ। जसले सामसुङ मोबाइलका प्रयोगकर्ताहरूको पहुँचमा महत्त्वपूर्ण विस्तार ल्याएको छ।

विगतमा सामसुङको ग्यालेक्सी स्टोरमा मात्र उपलब्ध यो एप अब एन्ड्रोइडका सबै प्रयोगकर्ताले डाउनलोड गर्न सक्ने जिएसएम एरेनाले जनाएको छ।

सामसुङले आफ्ना प्रयोगकर्ताहरूलाई आफ्ना एपहरूको पहुँच गर्न थप लचकता प्रदान गर्ने उद्देश्यले यो कदम चालेको हो।

यद्यपि गूगल प्ले स्टोरमा गूड लक एपलाई हाल प्रारम्भिक पहुँचको रूपमा लेबल गरिएको छ, जसले प्रयोगकर्ताहरूलाई सावधानी अपनाउन सुझाव दिन्छ।

गूड लक एपको अतिरिक्त सामसुङले गूगल प्ले स्टोरमा वन ह्यान्ड अपरेशन प्लस मोड्युल पनि समावेश गरेको छ। जसले सामसुङका प्रयोगकर्तालाई थप विकल्पहरू उपलब्ध गराउन सक्ने एरिनाले जनाएको छ।

उक्त मोड्युल पहिले ग्यालेक्सी स्टोरमा मात्र उपलब्ध थियो र प्रयोगकर्ताहरूले अब अन्य प्लेटफर्मबाट पनि डाउनलोड गर्न सक्नेछन्।

गूगल प्ले स्टोरमा सामसुङको अनुप्रयोगहरूको विस्तारले प्रयोगकर्ताहरूलाई थप सुविधा प्रदान गर्छ। यसलाई पूर्व-रिलिज संस्करणहरूमा उत्पन्न हुन सक्ने सम्भावित बगहरूका समस्यालाई विचार गर्दै विवेकका साथ प्रारम्भिक पहुँच ट्यागमा पुग्न सल्लाह दिइन्छ। बग भन्नाले कम्प्युटर प्रोग्राम वा हार्डवेयर प्रणालीमा भएका त्रुटि वा गलतीलाई जनाउँछ।

यी प्रस्तावहरू खोजी गर्न चाहनेहरूका लागि गूड लक एप र वन ह्यान्ड अपरेशन प्लस मोड्युल दुवै अब गूगल प्ले स्टोर र ग्यालेक्सीबाट डाउनलोड गर्नका लागि उपलब्ध छन्। रासस

## क्यानडाका प्रधानमन्त्रीद्वारा 'कानूनको शासन'को प्रशंसा

मन्ट्रिअल, २३ वैशाख/एएफपी

प्रधानमन्त्री जस्टिन ट्रुडोले शनिवार क्यानडाका सिख समुदायमा डर रहेको स्वीकार गरेका छन्। यद्यपि गत वर्ष भ्यानकुभरमा एक सिख पृथकतावादीको हत्याको सिलसिलामा तीनजना व्यक्ति पक्राउ परेपछि उनले 'कानूनको शासन'लाई जोड दिए।

प्रहरीले हरदीप सिंह निज्जरको हत्याको आरोपमा शुक्रवार तीनजनालाई पक्राउ गरेको छ। प्रधानमन्त्री ट्रुडोले हत्यामा भारत सरकारको संलग्नता रहेको बताएपछि क्यानडा र भारतबीच कूटनीतिक मनमुटाव सिर्जना भएको थियो।

शनिवार टोरन्टोमा सिख सम्पदा र संस्कृति मनाउन आयोजित एक समारोहमा ट्रुडोले क्यानडाका सिख समुदायमा धेरै मानिसले 'असहज महसूस गरिरहेको र अहिले पनि भयभीत रहेको' स्वीकार गरे। यद्यपि उनले न्याय प्रणालीमा विश्वास गर्न आग्रह गरे।

"हामी शान्त बनौं र हाम्रो लोकतान्त्रिक सिद्धान्त र न्याय प्रणालीप्रति हाम्रो प्रतिबद्धतामा अडिग रहौं," उनले भने, "गिरफ्तारी महत्त्वपूर्ण थियो किनकि क्यानडा बलियो र स्वतन्त्र न्याय प्रणालीसहितको कानूनको शासन भएको मुलुक हो, साथै नागरिकहरूको सुरक्षा गर्ने आधारभूत प्रतिबद्धता पनि हो।"

२२ वर्षका दुई र अर्का २८ वर्षका एक गरी तीनजना भारतीय नागरिकलाई 'फर्स्ट डिग्री' हत्या र षडयन्त्रको आरोपमा शुक्रवार पक्राउ गरिएको थियो। उनीहरूमाथि निज्जरको हत्या भएको दिन गोली चलाउने, चालक र निगरानीकर्ता भएको आरोप छ।

संदिग्धहरूको सम्बन्ध 'यदि भारत सरकारसँग छ' वा अरूको पनि संलग्नता हुन सक्छ भन्नेबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

सन् १९९७ मा क्यानडा बसाइँ सरेका र सन् २०१५ मा नागरिक बनेका निज्जरले भारतबाट निकालिएको खालिस्तान भनेर चिनिने छुट्टै सिख राज्यको वकालत गरेका थिए। उनलाई कथित आतङ्कवाद र हत्याको षडयन्त्र गरेको आरोपमा भारतीय अधिकारीहरूले खोजेका थिए।

सन् २०२३ जून १८ मा उपनगरीय भ्यानकुभरमा उनले नेतृत्व गरेको सिख मन्दिरको पार्किङमा मुखुन्डो लगाएका आक्रमणकारीले उनको गोली हानी हत्या गरेका थिए।

प्रधानमन्त्री ट्रुडोले धेरै महीनापछि क्यानडासँग हत्यामा भारतीय गुप्तचर संलग्न रहेको 'विश्वसनीय आरोप'को घोषणा गरेका थिए। साथै उनले एक भारतीय अधिकारीलाई निष्कासित गरेका थिए।

भारतले आरोपहरूलाई 'अर्थहीन' भन्दै अस्वीकार गऱ्यो र कडा प्रतिक्रिया दियो। साथै क्यानडाली नागरिकका लागि भिसामा केही समयका लागि रोक लगायो भने ओटावालाई आफ्ना कूटनीतिज्ञहरूलाई फिर्ता ल्याउन बाध्य पाऱ्यो। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – खर्चवृद्धि | वृष – मनोरञ्जन |
| मिथुन – सफलता | कर्कट – अवस्वस्थता |
| सिंह – व्यापारवृद्धि | कन्या – कडापरिश्रम |
| तुला – चोरभय | वृश्चिक – भयचिन्ता |
| धनु – मित्रमिलन | मकर – कान्तिक्षय |
| कुम्भ – अपयश | मीन – सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**जापानकी विदेशमन्त्री योको हनुमानढोका दरबार क्षेत्रको अवलोकन गर्दैः** जापानकी विदेशमन्त्री खामिखावा योको आइतवार विश्व सम्पदामा सूचीकृत हनुमानढोका दरबार क्षेत्रको अवलोकन गर्दै। तस्बिरः हरिराम भेटुवाल/रासस

## नेपालीको औसत आयु ७१ दशमलव तीन वर्ष

काठमाडौं, २३ वैशाख/रासस

राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपालीको औसत आयु ७१ दशमलव तीन वर्ष पुगेको जनाएको छ।

राष्ट्रिय जनगणना २०७८ सँग सम्बन्धित 'जनसङ्ख्या साक्षरता' र 'जनसाङ्ख्यिक सूचक' पुस्तक सार्वजनिक गर्दै तथ्याङ्क कार्यालयले उक्त तथ्य सार्वजनिक गरेको हो। कार्यालयले १० वर्षअघिको तुलनामा अहिले नेपालको आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य लगायत अधिकांश सूचक सन्तोषजनक रहेको र औसत आयु बढेको जनाएको छ।

यसैगरी, नेपालको वार्षिक जनसङ्ख्या वृद्धिदर यसअघि एक दशमलव ३५ प्रतिशत रहेकामा अहिले घटेर शून्य दशमलव ९२ प्रतिशतमा झरेको छ। तथ्याङ्क कार्यालयका अनुसार अहिले सबैभन्दा बढी लुम्बिनी प्रदेशमा एक दशमलव २४ प्रतिशत र गण्डकी प्रदेशमा सबैभन्दा कम शून्य दशमलव २५ जनसङ्ख्या वृद्धिदर रहेको छ।

पछिल्लो जनगणना अनुसार नेपालमा एकल परिवार ६० दशमलव एक प्रतिशत र संयुक्त परिवार ३९ दशमलव नौ प्रतिशत रहेको छ। बसाइँसराइ दर सबैभन्दा बढी गण्डकी प्रदेशमा प्रतिलाखमा चार हजार २७ र सबैभन्दा कम बाग्मतीमा ५४ रहेको तथ्याङ्क कार्यालयले जनाएको छ।

प्रमुख तथ्याङ्क अधिकारी अर्जुनप्रसाद पोखरेलले आइतवार विषयगत प्रतिवेदनसहितको दुईवटा पुस्तक सार्वजनिक गर्दै चार सयभन्दा बढी जनसाङ्ख्यिक सूचक समेटेर तयार गरिएको पुस्तक नीतिनिर्माता, अनुसन्धानकर्ता, पत्रकारलगायत आमपाठकलाई उपयोगी हुने विश्वास व्यक्त गरे। तथ्याङ्क कार्यालयका निर्देशक ढुण्डिराज लामिछानेले राष्ट्रिय जनगणना २०७८ को विस्तृत विवरण सार्वजनिक गर्नेक्रममा आगामी आठ महीनाभित्र १६ वटा विषयगत प्रतिवेदन तयार गरी बाहिर ल्याउन लागेको जानकारी दिए।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ। हरेक १० वर्षमा जनगणना गर्ने व्यवस्था भएबमोजिम यसअघि २०६८ सालमा लिएको जनगणना अनुसार नेपालको जनसङ्ख्या दुई करोड ६४ लाख ९४ हजार ५०४ थियो।

## बाग्मती प्रदेशमा ११ हजार डेङ्गु सङ्क्रमित

बाग्मती, २३ वैशाख/रासस

बाग्मती प्रदेशमा पछिल्लो समय डेङ्गु सङ्क्रमितको सङ्ख्या बढ्दै गएको छ। चालू आर्थिक वर्षको पछिल्लो नौ महीनाको अवधिमा बाग्मती प्रदेशमा ११ हजारभन्दा बढी डेङ्गु सङ्क्रमित फेला परेका छन्।

चालू आर्थिक वर्ष २०८०/८१ को साउनदेखि हालसम्म बाग्मती प्रदेशमा ११ हजार ४०९ जना नयाँ डेङ्गु सङ्क्रमित फेला परेका बाग्मती प्रदेशको स्वास्थ्य निर्देशनालयले जनाएको छ।

त्यसमध्ये सबैभन्दा बढी धादिङमा तीन हजार ५०१ र सबैभन्दा कम रसुवामा दुईजना नयाँ डेङ्गु सङ्क्रमित भएको स्वास्थ्य निर्देशानलयका स्रोत व्यक्ति उत्तमप्रसाद प्याकुरेलले जानकारी दिए।

उनका अनुसार यस अवधिमा काठमाडौंमा तीन हजार, चितवनमा एक हजार ७०८, मकवानपुरमा ८५७, भक्तपुरमा ४९४, काभ्रेपलाञ्चोकमा १६७, नुवाकोटमा ८१, दोलखामा ७९, रामेछापमा २७, सिन्धुपालञ्चोकमा ३२ र सिन्धुलीमा २३ जना नयाँ डेङ्गु सङ्क्रमित फेला परेका छन्।

डेङ्गु सङ्क्रमणबाट हालसम्म मकवानपुरमा एकजनाको मृत्यु भएको जिल्ला जनस्वास्थ्य कार्यालय, मकवानपुरले जनाएको छ। गर्मी मौसम शुरू भएसँगै डेङ्गु सङ्क्रमित अझै बढ्न सक्ने भएकाले जनचेतनामूलक सन्देश प्रवाहसँगै प्रदेशभर लामखुट्टे लार्भा खोज्ने र नष्ट गर्ने अभियान शुरू गर्न लागिएको प्रदेश स्वास्थ्य निर्देशक दीपकप्रसाद तिवारीले बताए।

## घरजग्गा ...

प्रतिशत बढाएर ५० प्रतिशतमा पुऱ्याइएको छ। त्यसले खासै घरजग्गा कारोबार चल्नै नसक्ने व्यवसायीहरू दाबी गर्छन्।

उनले आम्दानीको स्रोत भएको मान्छे यकीन गरेपछि उसले ऋण तिर्दैन भन्ने नहुने भएकोले उसले अरू समस्या भए पनि घर लिलामको सूचना आउन नदिने दाबी गरे। "हामीले यी कुराहरू सरकार र राष्ट्र बैंकलाई भनिरहेकै छौं, निर्णय गर्ने निर्णयकर्ताले नगरेपछि के लाग्छ र"–लोहनीले थपे।

अर्का घरजग्गा कारोबारका साना व्यवसायी कृष्ण शर्मा पैसा जति जग्गामा फसेको र मानिसहरू किन्न सक्ने अवस्थामा पनि नरहेकाले कारोबार अघि बढ्न नसकेको बताउँछन्। उनले अहिलेको अवस्थामा बैंकबाट ऋण लिएर कारोबार गर्न सक्ने स्थिति पनि नभएको बताए। ऋण दिने अनुपात र जग्गाको मूल्याङ्कन कम हुँदा ठूलो समस्या परिरहेको उनले बताए।

### कुन आर्थिक वर्षमा कति कारोबार?

गएको दुई वर्षको तथ्याङ्क विश्लेषण गर्दा अघिल्लो वर्षभन्दा एक लाख ९० हजार १०६ बढी घरजग्गा कारोबार भएको छ। त्यसबाट रु पाँच अर्ब १० करोड जति मात्रै राजस्व वृद्धि भएको देखिएको छ। प्राप्त विवरण अनुसार २०७९ साउनदेखि वैशाख १५ सम्म नौ लाख ४९ हजार आठ वटा लिखत पारित भएका छन्। त्यसबाट रु २८ अर्ब ९८ करोड ४ लाख बढी राजस्व सङ्कलन भएको छ।

विसं २०८० साउनदेखि वैशाख १५ गतेसम्मको तथ्याङ्कमा भने ११ लाख ३९ हजार ११४ घरजग्गा कारोबार भएको छ। त्यसबाट राजस्व रु ३४ अर्ब सात करोड ९७ लाख सङ्कलन भएको छ। यो भनेको सामान्य वृद्धि हो। उत्साहजनक वृद्धि भन्न मिल्दैन। जबकि आव २०७८/७९ मा १८ लाख १४ हजार सात सय ३९ घरजग्गा कारोबार हुँदा रु ६८ अर्ब १८ करोड ५९ लाख राजस्व सङ्कलन भएको थियो।

### गएको चार आवको कारवार स्थिति

लिखत पारितको हिसाबले हेर्दा आव २०७६/७७ मा १२ लाख १२ हजार २३० घरजग्गा लिखत पारित हुँदा २६ अर्ब ३७ करोड ६८ लाख राजस्व सङ्कलन भएको थियो। आव २०७७/७८ मा १७ लाख २८ हजार १४० घरजग्गा कारोबार हुँदा ५३ अर्ब सात करोड १५ लाख राजस्व सङ्कलन भएको थियो।

आव २०७८–७९ मा सबैभन्दा बढी घरजग्गा कारोबार भएको छ। उक्त वर्ष १८ लाख १४ हजार ७३९ घरजग्गा कारोबार भएको छ। त्यसबाट रु ६८ अर्ब १८ करोड ५९ लाख राजस्व सङ्कलन भएको छ। आव २०७९–८० मा झन्डै २६ प्रतिशतले घटेर रु १३ लाख ३६ हजार छ सय ३३ घरजग्गा कारोबार भएको छ। त्यसबाट ३७ अर्ब ७५ करोड ८८ लाख राजस्व सङ्कलन भएको छ।

नेपाल जग्गा तथा आवास विकास महासङ्घका सल्लाहकार ओमराज भण्डारीका अनुसार कारोबारको स्थिति र देश विदेशको अभ्यास अनुभव आदानप्रदान तथा समस्याका विषयमा काठमाडौंमा सम्मेलन गर्न लागिएको छ। दुई दिने सम्मेलनमा नेपालका नीति निर्मातादेखि सबै क्षेत्रलाई झकझक्याउने उनले बताए।


**VACANCY**

**We are looking for "Office Assistant"**

**Requirements:** Good user of computer and basic office software, Preferably female, Knows Nepali typing, Good communication skills, Has completed +2 degree (Higher Education Preferable), Minimum 1 year experience in office and administration task.

**Job Location:- Birgunj**

Send us your cv at: **homedellogistics@gmail.com**



गर्मी बढेसँगै ट्राइल फैक्ट्रीको स्वीमिङ पुल र झरनामा नुहाउँदै । तस्वीर: नितेश कर्ण/प्रतीक

# खेलकूदको संसार

## नेपालमा पहिलोपटक टेबल टेनिसको ओलम्पक छनोट हुँदै

काठमाडौं, २३ वैशाख/रासस

आगामी जुलाईमा हुने पेरिस ओलम्पिक खेलका लागि टेबल टेनिसको दक्षिण एशियाली छनोट नेपालमा हुने भएको छ। नेपालमा पहिलोपटक हुन लागेको प्रतियोगिता यही वैशाख ३१ देखि जेठ २ गतेसम्म सञ्चालन हुनेछ।

प्रतियोगितामा आयोजक नेपालसहित बङ्गलादेश, माल्दिभ्स, पाकिस्तान र श्रीलङ्काका २० जना खेलाडीको सहभागिता रहने टेबल टेनिस खेलका मुख्य प्रशिक्षक राजेन्द्र कपालीले जानकारी दिए।

छनोटमा दक्षिण एशियाली राष्ट्र भारत भने विश्व वरीयताको शीर्ष आठभित्र रहँदै यसअघि नै छनोट भइसकेको छ। प्रतियोगितामा हरेक देशबाट समान दुईजना पुरुष र दुईजना महिला खेलाडीको सहभागिता रहनेछ। यसमध्ये समान एकजना पुरुष र एकजना महिला खेलाडी फ्रान्सको पेरिसमा हुने ओलम्पिक खेलका लागि छनोट हुनेछन्।

लैनचौरस्थित राष्ट्रिय टेबल टेनिस प्रशिक्षण केन्द्रमा हुने उक्त छनोट खेलमा नेपालबाट संयोग कपाली, स्यान्टु श्रेष्ठ, नविता श्रेष्ठ र इभाना थापाले सहभागिता जनाउनेछन्।

## एमाले पर्साको नवौं अधिवेशन सात दिनपछि समापन

## उपाध्यक्षमा गुप्ता, सचिवमा दास निर्वाचित

प्रस, वीरगंज, २३ वैशाख/

नेकपा (एमाले) पर्सा जिल्लाको नवौं



अधिवेशन सात दिनपछि आइतवार सम्पन्न भएको छ।

नवौं अधिवेशनले डा विश्वम्भर शर्माको अध्यक्षतामा १२७ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ। वैशाख १७ गते उद्घाटन सत्रसँगै बन्दसत्र शुरू भएको थियो भने दुई दिनपछि वैशाख १९ गतेदेखि निर्वाचन प्रक्रिया शुरू भएको थियो।

वैशाख २० गते अध्यक्ष डा शर्मा, लेखा समितिका सहसंयोजक प्रताप श्रेष्ठलगायत ९१ जना सदस्य निर्विरोध निर्वाचित भएका थिए। उपाध्यक्ष, सचिव, सहसचिव, लेखा समिति संयोजक, सचिव र ३५ सदस्यसमेत गरी ४० पदमा भएको निर्वाचनको अन्तिम परिणाम आइतवार सार्वजनिक गरिएको छ।

शनिवार दिउँसो १२ बजेदेखि मतदान शुरू भएको थियो भने राति १ बजेदेखि मतगणना भएको थियो। यसअघि अन्तिम मतदाता नामावली प्रकाशन भएपछि एक पक्ष निर्वाचन गराउन र अर्को पक्ष प्रक्रियागत त्रुटि सच्चाएर मतदान गराउन भनी अडान लिएर बसेका कारण निर्वाचन प्रक्रिया ढिला भएको थियो भने यो क्रममा दुवै पक्षबीच हात हालाहाल भएको थियो।

आज घोषित परिणाम अनुसार उपाध्यक्ष मनोज गुप्ता, सचिव महेश दास, सहसचिव सीता लामा (महिला), सहसचिव नविजान अन्सारी (पुरुष), लेखा समिति संयोजक शिवजी गुप्ता, सचिव सगीर अन्सारीलगायत सदस्यहरू निर्वाचित भएका छन्।

उपाध्यक्षमा लालबाबू शेख, सचिवमा नवराज शर्मा, सहसचिवमा (महिला) गीता भण्डारी, (पुरुष) रामकिशोर सिंह पराग, इमरान हुसेन, लेखा समिति संयोजकमा सन्तोष सिंह, सचिवमा आरोहण साहलगायत पराजित भएका छन्।

## जैन धर्मावलम्बीको महाप्रयाण दिवस सम्पन्न

प्रस, परवानीपुर, २३ वैशाख/

जैन धर्मावलम्बी आचार्य श्रीमहाप्रज्ञको १५औं महाप्रयाण दिवस आइतवार वीरगंजमा सम्पन्न भएको छ। जैन श्वेताम्बर तेरापन्थीसभाद्वारा तेरापन्थ भवनमा आयोजित समारोहमा समणी डा ज्योति प्रज्ञाले आध्यात्मिक मन्तव्य दिंदै आजको समयमा महाप्रज्ञको जीवनदायिनी सन्देशको महत्त्व अनुभूति गर्न आग्रह गरिन्।





तस्वीर: सौजन्य

कार्यक्रममा भारतीय महावाणिज्यदूत देवीसहाय मीणाले ज्ञानी पुरुषको उपदेशको कुनै सीमा नभएको बताए। उनले महाप्रज्ञ भारतबाहिर पनि प्रसिद्ध रहेको बताउँदै महाप्रज्ञ ज्यूँदो छँदा उनीबाट शान्ति सन्देश ग्रहण गर्न दुनियाँभरिका विशिष्ट व्यक्तिहरू आउने गरेको बताए।

नेपाल तेरापन्थ समाजका वरिष्ठ उपाध्यक्ष अशोक बैदले महाप्रज्ञको जीवन सन्दर्भलाई विस्तारमा जानकारी गराएका थिए। महाप्रज्ञले संस्कृत, हिन्दी, अङ्ग्रेजीलगायत भाषामा तीन सय पुस्तक लेखेको बताए। "उनी एक आदर्श महापुरुष थिए," बैदले भने, "महाप्रज्ञको सन्देश र साक्षात्कार गर्ने सुयोग प्राप्त हुनु जीवनको स्मरणीय क्षण हो।"

पत्रकार चन्द्रकिशोरले जैन धर्मका पाँच मुख्य विशेषताको सविस्तार व्याख्या गरेका थिए। निर्मल सिन्धीले स्वागत गरेको कार्यक्रममा अतिथिहरूलाई जैन साहित्य उपहारमा दिइएको थियो।

वीरगंजको सामाजिक एवं आर्थिक क्षेत्रमा जैन धर्मावलम्बीहरूको ठूलो योगदान रहेको कार्यक्रममा जानकारी गराइएको थियो।

## बीमा प्राधिकरणद्वारा स्थानीय तहसँग छलफल

प्रस, सेढवा, २३ वैशाख/

नेपाल बीमा प्राधिकरणले जीराभवानी गाउँपालिकाका पदाधिकारीसँग छलफल गरेको छ। नेपाल बीमा प्राधिकरण मधेस प्रदेशको आयोजनामा वडा कार्यालय-३ को सभाहलमा अन्तर्क्रिया भएको हो।





तस्वीर: प्रतीक

कार्यक्रममा जीवन तथा निर्जीवन बीमासम्बन्धी सहभागीहरूलाई प्रशिक्षण गराइएको थियो। दैवी तथा मानवीय विभिन्न कारणले विभिन्न घटना भई धनजनको क्षति भइरहेकाले बीमा गर्न आवश्यक रहेको प्राधिकरणका मधेस प्रदेश प्रमुख कुसुम शर्माले बताइन्। निर्जीवन बिमा अन्तर्गत कृषि, पशुपक्षी, जडीबुटी, आवास तथा सवारीसाधन बीमा गर्दा सम्बन्धित व्यक्तिहरूले गरेका लगानी सुरक्षित हुने प्रमुख शर्माले बताइन्। किसानहरूले लगाएका अन्नबाली, तरकारीबाली तथा अन्य नगदेबालीका साथै पशुपालन तथा माछापालनलगायतका पेशालाई सुरक्षित गर्न बीमा गर्न आवश्यक रहेको प्रक्षिक्षक निर्मल खनालले बताए।

बालीहरूमा खडेरी तथा बढी पानी परेमा, कीरा तथा अन्य कारणले क्षति पुग्दा किसानले बीमा गरेबापत सम्बन्धित बीमा कम्पनीले क्षतिपूर्ति दिने प्रशिक्षक खनालले बताए।

कार्यक्रममा गापा उपाध्यक्ष रेखा चौधरी, वडाध्यक्ष महादेव महतो थारू, गापा सदस्य रामप्रमोद चौधरीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## निश्शुल्क आयुर्वेद शिविर सम्पन्न

प्रस, परवानीपुर, २३ वैशाख/

बाराको विश्रामपुर गाउँपालिका-५ इटियाहीमा निश्शुल्क आयुर्वेद शिविर





सम्पन्न भएको छ। नेपाल आर्य समाज, बाराको आयोजनामा मजदूर दिवसको अवसरमा शनिवार आयोजित शिविरमा ४२५ जनाको स्वास्थ्य परीक्षण गर्नुका साथै औषधि वितरण गरिएको थियो।

आयोजक संस्थाका अध्यक्ष राजेशकुमार गुप्ताको अध्यक्षता एवं विश्रामपुर-५ का अध्यक्ष अमिरीप्रसाद गुप्ताको प्रमुख आतिथ्यमा सम्पन्न शिविरले आम मानिसमा आयुर्वेदप्रति आकर्षण बढाउने जनाइएको छ।

**श्रीसियावासी ...**

सडकजामका कारण सयौं सवारीसाधन रोकिए पनि स्थानीय प्रहरीको सहयोगमा मोटरसाइकललाई मात्र आवतजावत खुलेको थियो।

सडक निर्माणको क्रममा कैयौं महीनादेखि धूलो उड्दा स्थानीयवासी विरोधमा उत्रेका हुन्। सडकको दुवैतर्फ खन्दा धूलो उडेर दमरोग लागेको स्थानीयले आरोप लगाएका छन्। सडक निर्माण हुँदा सडकमा पानी हाल्न पनि रकम विनियोजन हुने गरेको जानकारहरू बताउँछन्।

## चाँदीको गहनासहित एकजना पक्राउ



प्रस, वीरगंज, २३ वैशाख/

भारतको रक्सौलबाट अवैधरूपमा चाँदीका गहनाहरू ल्याउँदै गरेको सूचनाको आधारमा प्रहरीले एकजनालाई पक्राउ गरेको छ। प्रहरी चौकी इनर्वाले शनिवार वीरगंज-१६ रजतजयन्तीचोकबाट दुई किलो १७३ ग्राम चाँदीका गहनासहित बारा, फेटा गाउँपालिका-३ निवासी २० वर्षीय रोशन सोनारलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ। सोनार र गहनालाई कारबाईको लागि आइतवार वीरगंज भन्सार कार्यालय बुझाएको जिप्रका, पर्साले जनाएको छ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

## चट्याङको समयमा सतर्क रहौं ।

**चट्याङबाट बच्ने उपाय:**

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,